'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २०७ ★ ने. सं. ११४६ गुँला थ्व, षष्ठी ★ मङ्गलबार ★ २ भदौ, २०८३ ★ August 18, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## युवाहरूले गरे 'श्रमिक' साप्ताहिकको अन्तरक्रिया

भक्तपुर, १ भदौ । नेपाल क्रान्तिकारी युवा सङ्घ केन्द्रीय समितिले शनिबार 'श्रमिक' साप्ताहिकमा प्रकाशित लेख रचनाबारे अनलाइन अन्तरक्रिया सम्पन्न गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले सामन्तवादी र पुँजीवादी विचारका युवाहरूले देश र जनताको नि:स्वार्थ सेवा नगर्ने उल्लेख गर्दै नेपाल क्रान्तिकारी युवा सङ्घका युवाहरूले मानव समाजको विकासको सिलसिला अध्ययन गरेर देश र जनताको नि:स्वार्थ सेवामा लाग्नुपर्ने विचार राख्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "युवाहरू देश र जनताविरुद्ध लोभ र डरसँग नझुक्ने हुनु जरुरी छ । संसारमा भइरहेको साम्राज्यवादीविरोधी सङ्घर्षमा ऐक्यबद्धता जनाउने युवाहरू आजको खाँचो हो । विद्यालय र कलेजको पोशाकमा झोलासहित आउँदा गोली हानिँदैन भनी देश जलाउने आन्दोलनमा फसाउनेहरूदेखि नेपाली युवा सचेत हुनु आवश्यक छ ।"

नेपाल क्रान्तिकारी युवा सङ्घका अध्यक्ष मिनबहादुर बाटाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा रमेश डंगोल, मुना तामाङ, जगतराम धुख्वा, खेमराज कँडेल, प्रकाश ओझेल, हरिचन्द्र पाण्डे र रणबहादुर रानाले अध्ययनको सार प्रस्तुत गर्नुभएको थियो ।

## खेलकुदमा गरिएको लगानीलाई उपलब्धिमूलक बनाउनुपर्नेमा जोड



भक्तपुर, १ भदौ । भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरभित्रका संस्थागत तथा सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाहरूलाई भदौ १ गतेदेखि ५ गतेसम्म खोखो खेलसम्बन्धी आधारभूत प्रशिक्षक प्रशिक्षण तालिम सुरु भयो । भक्तपुरमा खोखो खेललाई थप व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले आयोजना गरिएको प्रशिक्षणको शुभारम्भ नगर प्रमुख सुनिल प्रजापतिले गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले प्रशिक्षक राम्रो भएमा राम्रा खेलाडी उत्पादन गर्न सकिने बताउँदै विद्यार्थीलाई मेहनती, अनुशासित र योग्य नागरिक बनाउन खेलकुदलाई प्राथमिकता दिइएको उल्लेख गर्दै खेलकुदमा गरिएको लगानीलाई उपलब्धिमूलक बनाउनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका खेलकुद समिति संयोजक श्यामकृष्ण खत्रीले प्रशिक्षणमा सहभागी शिक्षकलाई खोखो खेलका आधारभूत सीप सिकाउनुका साथै आगामी दिनमा प्रशिक्षक तथा रेफ्रीको भूमिका निर्वाह गर्न सक्ने गरी प्रशिक्षण दिइने बताउनुभयो । भक्तपुरलाई खेलकुदको हबका रूपमा विकास गर्ने उद्देश्यले खेलकुदलाई प्राथमिकता दिइएको बताउँदै उहाँले नगरपालिकाले हरेक वर्ष विद्यालयस्तरमा करिब १५ वटा खेलकुद प्रतियोगिता आयोजना गर्दै आएको र त्यसबाट स्तरीय खेलाडी उत्पादन गर्ने लक्ष्य रहेको जानकारी दिनुभयो ।

नेपाल खोखो सङ्घका अध्यक्ष प्रदीप महर्जनले भक्तपुर नगरपालिकाले खोखो खेललाई प्राथमिकता दिँदै नियमित रूपमा अन्तरविद्यालय खोखो प्रतियोगिता आयोजना गर्दै आएकोमा खुसी व्यक्त गर्नुभयो ।

भक्तपुर प्राविधिक रूपमा खोखो प्रशिक्षण सञ्चालन गर्न सक्षम भइसकेको उल्लेख गर्दै उहाँले अन्तरनगरपालिका खोखो प्रतियोगिता आयोजना गर्ने पहिलो नगरपालिका भक्तपुर बनेको बताउनुभयो । उहाँले यस प्रशिक्षणबाट आगामी दिनमा हुने प्रतियोगितामा भक्तपुरको प्रदर्शन अझ प्रभावशाली बन्ने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले पाँचदिने प्रशिक्षणमा सहभागी शिक्षकहरूको पूर्ण उपस्थिति र सक्रिय सहभागिता रहने विश्वास व्यक्त गर्नुभयो । खोखो खेलले नेपाललाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन सफल भएको उल्लेख गर्दै उहाँले सक्रिय नागरिक निर्माणका लागि खेलकुद महत्त्वपूर्ण रहेको बताउनुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य रञ्जना त्वातीले प्रशिक्षणको उद्देश्यबारे प्रकाश पार्दै नयाँ पुस्तालाई खेलकुदसँगै नैतिकता, अनुशासन र मेहनतको महत्त्वबारे जानकारी गराउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले धन्यवाद ज्ञापन गर्दै आफूले सिकेको खेललाई विद्यालयमा विद्यार्थीहरूलाई पनि सिकाएर खोखो पोख्त बनाउन सहयोगी भूमिका खेल्न आग्रह गर्नुभयो ।

कार्यक्रमको अवसरमा नगर प्रमुख प्रजापतिले खेल सामग्री हस्तान्तरण गर्नुका साथै सहभागी शिक्षकहरूलाई ट्रयाकसुटसमेत वितरण गर्नुभयो ।

## एलपी ग्यास अभाव र महँगीविरुद्ध नेक्रायुसङ्घद्वारा सरकारलाई ज्ञापन



काठमाडौँ, १ भदौ । नेपाल क्रान्तिकारी युवा सङ्घ, काठमाडौँ जिल्ला समितिले एलपी ग्यासको चरम अभाव, बजारमा व्याप्त कालोबजारी र बढ्दो महँगी नियन्त्रणको माग गर्दै काठमाडौँका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ ।

विगत एक महिनादेखि खाना पकाउने ग्यासको अभाव हुँदा सर्वसाधारणको दैनिक जीवन कष्टकर बनेको भन्दै सङ्घले सरकारको गम्भीर ध्यानाकर्षण गराएको हो । सङ्घद्वारा बुझाइएको ज्ञापनपत्रमा जनताको चुलो बल्ने अवस्था सुनिश्चित गर्नु राज्यको दायित्व भएको उल्लेख गरिएको छ ।

सङ्घले अघि सारेका मुख्य मागहरूमा - खाना पकाउने एलपी ग्यासको नियमित, पर्याप्त, पारदर्शी र सहज आपूर्ति तत्काल सुनिश्चित गरिनुपर्ने; ग्यासको कालोबजारी गर्ने र तोकिएको मूल्यभन्दा बढी लिने दोषीमाथि कडा कानुनी कारबाही गरिनुपर्ने; खाद्यान्न, तरकारी र इन्धनलगायतका दैनिक उपभोग्य वस्तुहरूको अस्वाभाविक मूल्यवृद्धि तत्काल नियन्त्रण गरिनुपर्ने;

*बाँकी पृष्ठ ८ मा*

## व्यङ्ग्यचित्र कुनो




## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ८९

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का निर्णयहरू**

२०८२/०५/२३ मा मन्त्रिपरिषद्ले देहायबमोजिमका दुई वटा निर्णय गरे :-

१. कृषि मन्त्रालयका प्राविधिक सहसचिवको बढुवा गरी अवकाश दिने,

२. नेपाल प्रहरी प्रधानकार्यालय, मानवस्रोत विकास विभागमा कार्यरत प्रहरी अतिरिक्त महानिरीक्षक दानबहादुर कार्कीलाई काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीमा सरुवा गर्ने ।

**राष्ट्रिय सुरक्षा परिषद्का निर्णयहरू**

मुलुकको सुरक्षाका वर्तमान अवस्थाको बारेमा समीक्षा गरियो । विद्यमान सुरक्षा चुनौतीलाई सम्बोधन गरी मुलुकमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न सबै सुरक्षा निकायलाई प्रभावकारी र समन्वयात्मक रूपमा परिचालन गर्ने ।

सैनिक ऐन, २०६३ को दफा १३३ को उपदफा (२) को व्यवस्थाबमोजिम नेपाली सेनालाई आ.व.०८२/०८३ को लागि आवश्यक रहेका हातहतियार, खरखजाना तथा अन्य सैन्य सर-सामग्रीहरू खरिद गर्न नीतिगत स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष सिफारिस गर्ने ।

राष्ट्रिय सुरक्षा परिषद्को आठौँ वार्षिक प्रतिवेदनको मस्यौदामा छलफल गरियो । साथै, उक्त मस्यौदालाई केही संशोधनसहित स्वीकृत गरी नेपालको संविधानको भाग २८ को धारा २६६ को उपधारा (३) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्ने निर्णय गरियो ।

**केन्द्रीय सुरक्षा समितिका निर्णयहरू**

२०८२ साल भदौ २२ गते मात्र केन्द्रीय सुरक्षा समितिको बैठक बसेको तर सो बैठकबाट कुनै लिखित निर्णय अभिलेखबद्ध भएको नदेखिएकोले उपस्थिति मात्र पठाइएको ।

*बाँकी पृष्ठ ८ मा*

## देशको अवस्थाबारे उब्जिएका प्रश्न

● चिनी निर्यातमा भारतीय प्रतिबन्ध कायमै रहेको सार्वजनिक भयो । चाडपर्व नजिकिँदै गर्दा चिनी आपूर्तिमा दबाब बढ्दो छ । भारतीय शासकवर्गले नेपालको हित कहिल्यै गरेको छैन । नेपालका शासक दल र तिनका नेताहरू भारतीय शासक वर्गसामु आत्मसमर्पणसहित कुर्सीमा बसिरहेको हुँदा यस्तो प्रतिबन्ध दोहोरिरहेको हो । नेपालको उखु खेती गर्ने किसानलाई सरकारबाट के सहयोग भइरहेको छ ? के प्रधानमन्त्री र मन्त्री भएकाहरूले भन्न सक्छन् ? मित्र देशले अनुदानमा बनाइदिएका कलकारखानासमेत संरक्षण नगर्ने सरकारहरूको औचित्य छ र ?

● स्वास्थ्य कार्यकर्ताहरूले भण्डारमा सहयोग हुने रसायनसमेत राखिएको चाउचाउ र बिस्कुट खान नहुने बताइरहँदा २०८० कार्तिक १७ गते जाजरकोट केन्द्र पर्ने गरी गएको भूकम्प पीडितहरू यति बेला त्यसरी राखिएको चाउचाउ र बिस्कुट खाएर बाँचिरहेको सार्वजनिक भयो । नेका, एमाले, तत्कालीन माओवादीका सरकारहरूले भूकम्प पीडितको यो पीडाप्रति चासो राखेनन् भने रास्वपा सरकारले पनि चासो राखेन । २०७२ वैशाख १२ गते गोरखा केन्द्रबिन्दु हुने गरी गएको भूकम्प पीडितहरूको आवासको बन्दोबस्त अझै भएको छैन । काठमाडौँ उपत्यकाका भूकम्प पीडितहरूको बसोबास अझै र पुन:निर्माण भइरहेको छैन, सरकारको उपस्थिति कहाँ छ ?

● कुखुरामा लाग्ने रोग बर्ड फ्लुको कारण अत्यधिक कुखुरा नष्ट गरिएपछि एक महिनामै अण्डाको मूल्य चारपटक बढाइयो । सरकारले बर्ड फ्लु समयमै रोकथाम गर्नुपर्नेमा बेवास्ता गरेको कारण कुखुरा पालकहरूको सम्पत्ति नष्ट भयो भने सर्वसाधारणले कुखुराको अण्डा खानसमेत नसक्ने गरी मूल्य बढ्यो । सरकारको उपस्थिति कहाँ छ ?

# नागपोखरीमा नागपञ्चमी विशेष कार्यक्रम



भक्तपुर, १ भदौ । भक्तपुर नगरपालिका-१० स्थित नागपोखरीमा नागपञ्चमीको अवसरमा भक्तपुर नगरपालिका वडा नं. १० कार्यलयको आयोजना र नागपोखरी सुधार समितिको सहयोगमा सोमबार नागपञ्चमी विशेष कार्यक्रम सम्पन्न गरियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रकृति र जनजीवनबिच गहिरो सम्बन्ध रहेको बताउँदै मानव समाजको विकासमा प्रकृतिको महत्त्वपूर्ण अन्तरसम्बन्ध रहेको उल्लेख गर्नुभयो ।

भक्तपुर नगरपालिकाले मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणमा जोड दिँदै आएको र बाजाका बोलहरू लिपिबद्ध गर्ने प्रयास भइरहेको जानकारी दिँदै उहाँले भक्तपुर पोखरीहरूको नगरी भएको र यहाँका पोखरी तथा मौलिक संस्कृतिको आफ्नै विशिष्ट पहिचान रहेको बताउनुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले राम्रो संस्कारको विकास गर्ने उद्देश्यले सांस्कृतिक कार्यक्रम तथा पूजासहितको कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

उहाँले समाजमा देखिँदै आएका सांस्कृतिक विकृति क्रमश: हटाउँदै मौलिक संस्कार र संस्कृति संरक्षणमा जोड दिनुपर्ने बताउँदै सम्पदा संरक्षणको आफ्नै महत्त्व रहेको उल्लेख गर्नुभयो । उहाँले पोखरीको संरक्षणले वातावरण सुधार, विपद् व्यवस्थापन, भूमिगत जल व्यवस्थापन तथा तापक्रम व्यवस्थापनमा योगदान पुग्ने बताउनुभयो ।

कार्यक्रममा भनपा ६ का वडाध्यक्ष हरिराम सुवालले नयाँ पुस्तामा संस्कार र संस्कृति हस्तान्तरण गर्न यस्ता गतिविधिको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो ।

नागपञ्चमीको अवसरमा दिनभर भजन तथा विभिन्न कार्यक्रम प्रस्तुत गरिएको थियो ।

# विद्यालयका सवारीसाधनमा गति नियन्त्रण उपकरण जडान गरिने

नारायणगढ (चितवन), १ भदौ । चितवनमा विद्यालयका सवारीसाधनलाई सुरक्षित, अनुशासित र प्रविधिमैत्री बनाउँदै दुर्घटनाको जोखिम न्यूनीकरण गर्न गति नियन्त्रण उपकरण जडान गरिने भएको छ ।

जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको संयोजकत्वमा आइतबार बसेको सामुदायिक तथा संस्थागत विद्यालयका सवारीसाधन व्यवस्थापन, नियमन तथा दुर्घटना न्यूनीकरणसम्बन्धी समन्वय बैठकले विद्यार्थी बोक्ने विद्यालयका सबै सवारीसाधनमा अधिकतम गति प्रतिघण्टा ४० किलोमिटर कायम गर्ने निर्णय गरेको हो ।

बैठकले विद्यालयका सवारीसाधनमा १५ दिनभित्र गति नियन्त्रण गर्ने उपयुक्त प्रविधि जडान गर्नुपर्ने र त्यसको अनुगमन जिल्ला ट्राफिक प्रहरी कार्यालय तथा जिल्ला प्रहरी कार्यालय चितवनले गर्नेछ । गति नियन्त्रण प्रविधि जडान नगरेका सवारीसाधन सञ्चालनमा रोक लगाइने प्रमुख जिल्ला अधिकारी अर्यालले बताउनुभयो ।

विद्यालयका सवारीसाधनको नियमित यान्त्रिक परीक्षण, चालक तथा सहचालकलाई समय-समयमा अनुशिक्षण तथा मादक पदार्थ सेवन नियन्त्रणका उपाय प्रभावकारी बनाउनसमेत बैठकले निर्णय गरेको छ । विद्यालयले सवारी चालकलाई जिम्मेवारी दिनुअघि हरेक दिन मापसे जाँच गर्ने र त्यसको अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

बैठकमा जिल्ला सुरक्षा प्रमुख, शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख, स्थानीय तहका शिक्षा शाखा प्रमुख, संस्थागत तथा सामुदायिक विद्यालयका प्रधानाध्यापक एवं प्रतिनिधि, शिक्षक, प्राविधिक कम्पनीका प्रतिनिधि तथा विद्यालय र शिक्षासँग सम्बन्धित सरोकारवालाको सहभागिता थियो । ***रासस***

# गोसाइँकुण्ड मेला आउने तीर्थयात्री लक्षित शुल्क निर्धारण

रसुवा, १ भदौ । जनैपूर्णिमाका अवसरमा गोसाइँकुण्ड आउने तीर्थयात्रीलाई लक्षित गरी पदमार्गमा खोलिएका होटल तथा 'लज' को सेवा शुल्क निर्धारण गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय रसुवाको समन्वयमा सरोकारवाला पक्षसमेतको सहभागितामा गत वर्षको जस्तै चिया, नास्ता, खाना तथा लजवापतको शुल्क निर्धारण गरिएको हो । निर्धारित शुल्कअनुसार धुन्चे-घट्टेखोला आसपासमा प्रतिकप रु. ३० हुँदै गोसाइँकुण्डमा रु. ८५, दालभात-तरकारीको रु. २७५ हुँदै रु. ६०० तथा सुतेको रु. ३०० हुँदै रु. ६०० सम्म शुल्क लाग्ने छ । बजार अनुगमन समितिका संयोजक एवं रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी ध्रुवप्रसाद अधिकारीका अनुसार तोकिएकोभन्दा बढी रकम लिन नपाइने र सबैले देख्ने गरी सेवा शुल्क टाँस्नुपर्ने व्यवस्था गरिएको छ ।

यात्रुसँग बढी शुल्क लिएको पाइएमा सम्बन्धित निकायमा जानकारी गराउन अनुरोध गर्दै उहाँले भन्नुभयो, "पवित्र गोसाइँकुण्ड मेला भर्न आउने तीर्थयात्रुको पक्षमा निर्णय गरिएको छ । सरोकारवाला सबै पक्षको सहयोग र सहकार्यमा सुरक्षा, स्वास्थ्य, यातायात, सरसफाइ तथा खाद्यान्न व्यवस्थापनलगायतका तयारी पूरा भएको छ । वर्षाको समयमा मौसम ख्याल गरी आउनुहुन सबैमा अनुरोध छ ।"

यस वर्ष १० हजारभन्दा बढी यात्रु गोसाइँकुण्ड मेला भर्न आउने अपेक्षा गरिएको धुन्चेस्थित बौद्ध धर्मगुरू लामा रेञ्जन घलेले जानकारी दिनुभयो । यसैगरी, संविधानसभा सदस्य छोवाङ तेन्जिङ तामाङले सरकारी, गैरसरकारी सङ्घ-संस्था, नागरिक समाज र पेसा व्यवसायीको समेतको सहयोग, समन्वयमा र सहकार्यमा तीर्थयात्रुलाई राहत दिनेगरी आवश्यक व्यवस्था मिलाइसकिएको छ भन्नुभयो । ***रासस***

# सडक छेउमा फोहोरको थुप्रो : कसले जिम्मेवारी लिने ?

**- कृष्टिना कोजू, प्रशिक्षार्थी**

भक्तपुर नगरपालिका - ९, च्याम्हासिंह बस स्टप आसपास, जसहिटीसँगै जहिले पनि फोहोरको थुप्रो हुन्छ । अस्पताल नजिकै भएको र दैनिक रूपमा यात्रु, अस्पताल जाने बिरामी तथा आउने जाने व्यक्तिहरूलाई फोहोर थुप्रिँदा दुर्गन्ध फैलिनुका साथै वातावरणसमेत अस्वच्छ बन्दै गएको छ ।

यहाँ थुप्रिएको फोहोर भने लामो समयसम्म रहने गरेको छैन । नगर सरसफाइका कर्मचारीहरूले हरेक दिन फोहोर सफा गर्ने गरेको स्थानीय बताउँछन् । फोहोर हटाएपछि सम्बन्धित कर्मचारीले त्यहाँ औषधि तथा कीटनाशकसमेत छर्कने गरेका छन् । यसबाट दुर्गन्ध, कीरा तथा सम्भावित सङ्क्रमणको जोखिम कम गर्न प्रयास भइरहेको देखिन्छ । तर, फोहोर सफा गरिए पनि सार्वजनिक स्थानमा डस्टबिनको व्यवस्था नहुँदा केही समयपछि पुन: सडक छेउमा फोहोर जम्मा हुने गरेको देखिन्छ ।

समस्या समाधानका लागि कुहिने र नकुहिने फोहोरको लागि छुट्टाछुटै डस्टबिन राख्न आवश्यक देखिन्छ । कुहिने फोहोरका लागि एउटा र नकुहिने फोहोरको लागि अर्को डस्टबिन राख्दा यात्रु तथा स्थानीयलाई फोहोर छुटयाएर राख्न सहज हुन्छ । यसबाट फोहोरको राम्रोसँग व्यवस्थापन गर्न सहयोग पुग्न सक्छ ।

डस्टबिन राख्नुका साथै त्यसको नियमित रूपमा खाली गर्ने र सरसफाइ गर्ने व्यवस्था पनि आवश्यक हुन्छ । नगर वासीहरूले पनि डस्टबिनको सही प्रयोग गरी जथाभावी फोहोर नफाल्ने जिम्मेवारी लिनुपर्छ ।

कतिपय अवस्थामा डस्टबिन हुँदाहुँदै पनि मानिसले जथाभावी फोहोर फाल्ने गरेको पाइन्छ । त्यसैले नागरिकमा सरसफाइसम्बन्धी चेतना बढाउनु आवश्यक छ । विद्यालय, अस्पताल, स्थानीय समुदाय तथा वडा कार्यालयको सहकार्यमा सरसफाइसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सकिन्छ । सार्वजनिक स्थानमा जथाभावी फोहोर फाल्न नदिन आवश्यक सूचना बोर्ड सम्बन्धित निकायले राख्न सकिन्छ । साथै "यहाँ फोहोर नफाल्नुहोस्", "फोहोर डस्टबिनमा मात्र राख्नुहोस्" जस्ता सन्देशले हरेक नागरिकलाई सचेत बनाउन सहयोग गर्न सक्छ ।

# कृषि बीमाको प्रिमियममा अनुदान उपलब्धि गराउने कार्यविधि संशोधन

काठमाडौँ, १ भदौ । कृषि, वन तथा पर्यावरण मन्त्रालयले 'कृषि पशुपन्छी तथा जडिबुटी बीमाको प्रिमियममा अनुदान उपलब्धि गराउने कार्यविधि, २०८३' आजदेखि कार्यान्वयनमा ल्याएको छ ।

मन्त्री गिता चौधरीले मनत्रीस्तरीय निर्णयबाट कार्यान्वयमा ल्याइएको सो कार्यविधिले यस अघिको कार्यविधिका तुलनामा प्रक्रियालाई सरलीकरण बनाएको र सरोकारवाला व्यक्ति तथा निकायलाई जिम्मेवारी बनाएको छ । कार्यान्वयनका लागि मन्त्रालयले सबै प्रदेशका कृषिसम्बन्धी मन्त्रालयमा कार्यविधि पठाइसकेको जनाएको छ ।

कार्यविधिमा कृषि पशुपन्छी तथा जडिबुटी बीमा कार्यक्रम कार्यान्वयनको समन्वय गर्न मन्त्रालयका सचिवको अध्यक्षतामा नौ सदस्यीय निर्देशक समिति गठनको व्यवस्था गरिएको मन्त्रालयका उपसचिव शिवा अर्यालले जानकारी दिनुभयो ।

त्यस्तै, सम्बन्धित प्रदेशको कृषि मन्त्रालयको सचिवको संयोजकत्वमा एक समन्वय समिति रहने र सो समितिको संरचना प्रदेश मन्त्रालयले गठन गरेबमोजिम हुने उल्लेख कार्यविधिमा उल्लेख छ ।

कार्यविधिअनुसार कृषिसम्बन्धी बीमालेखअन्तर्गत अदुवा, अन्न बीउ बाली उत्पादन, अलैची, आँप, आलु, उखु, कफि, कागती, किवी, केरा, खाद्यान्न बाली, चिया, च्याउ, जुनार, ड्रागन फल, तरकारी, दलहन बाली, धान, फलफूल, बेसार, मौरी, सुन्तला, ओखर, स्याउ रहेका छन् ।

त्यस्तै, जडिबुटी सम्बन्धी बीमालेखअन्तर्गत टिमुर र मेन्था तथा पशुपन्छी बीमालेखअन्तर्गत पन्छी, पशुधन, बङ्गुर, बाखा, माछा र घाँसे बाली रहेका छन् ।

त्यस्तै बीमाङ्क रकम प्रतिबीमालेख रु. एक करोडसम्म ८० प्रतिशत र रु. एक करोड भन्दा माथिको अतिरिक्त बीमाङ्क रकमको हकमा ५० प्रतिशत अनुदान प्राप्त हुने व्यवस्था कार्यविधिमा उल्लेख छ । ***रासस***

# बढ्दो मूल्यवृद्धिले सर्वसाधारणको दैनिकीमा असर

**- प्रशिक्षार्थी, सन्ध्या दाहाल**

काठमाडौँ, १ भदौ । पछिल्लो समय नेपालका बजारमा दैनिक प्रयोग हुने सामानको मूल्य बढ्दै गएको छ । विशेष गरी चामल, दाल, तरकारी ग्यास तथा अन्य आवश्यक सामानको मूल्य बढेपछि सर्वसाधारणलाई घरखर्च चलाउन गाऱ्हो भएको छ । आम्दानी धेरै नबढे पनि दैनिक खर्च बढेकाले सामान्य परिवार बढी समस्यामा परेका छन् ।



नेपालमा बजार मूल्य बढ्नुका धेरै कारण छन् । सामान्य उत्पादन गर्न लाग्ने खर्च बढ्नु, पेट्रोलियम पदार्थको मूल्य, ढुवानी खर्च आयातमा निर्भरता र बजारमा हुने माग तथा आपूर्तिको असन्तुलन यसका प्रमुख कारण हुन् । नेपालले धेरै सामान विदेशबाट ल्याउने भएकोले विदेशमा मूल्य बढ्दा त्यसको असर नेपाली बजारमा पनि पर्ने गरेको छ ।

मूल्यवृद्धिको सबैभन्दा बढी असर कम आम्दानी भएका मानिसलाई परेको छ । पहिले निश्चित रकममा पुग्ने सामान अहिले त्यही रकमले पुग्न छाडेको छ । परिवारको आम्दानी उस्तै भए पनि खाना, यातायात, शिक्षा, स्वास्थ्य र घरायसी सामानमा बढी पैसा खर्च गर्नुपर्ने अवस्था आएको छ । यसको कारण धेरै परिवारले आफ्नो खर्च घटाउन र आवश्यक सामानको मात्रा कम गर्न थालेका छन् ।

तरकारी र खाद्यान्नको मूल्यमा पनि बेला-बेलामा ठुलो परिवर्तन हुने गरेको छ । मौसमअनुसार उत्पादन घट्दा तरकारीको मूल्य बढ्ने गर्छ । किसानबाट सस्तो मूल्यमा खरिद गरिएको सामान बजारमा पुग्दा धेरै महँगो हुने गरेको उपभोक्ताहरुको गुनासो छ । यसमा बिचौलियाको भूमिका पनि रहेको बताइन्छ ।

मूल्यवृद्धिसँगै कालोबजारी र कृत्रिम अभाव पनि उपभोक्ताका लागि समस्या बन्न सक्छ । केही व्यापारीले सामान लुकाएर अभाव सिर्जना गर्ने र पछि महँगो मूल्यमा बेच्ने गरेको गुनासो सुनिन्छ । यस्तो कार्यले सामान्य उपभोक्तालाई प्रत्यक्ष असर गर्छ ।

मूल्यवृद्धि नियन्त्रण गर्न सरकारले बजारको नियमित अनुगमन गर्न आवश्यक छ । व्यापारीले सामानको मूल्यसूची राख्ने, उपभोक्तालाई बिल दिने र तोकिएको भन्दा मूल्य नलिने व्यवस्था प्रभावकारी रूपमा लागू गर्नुपर्छ । कालोबजारी तथा उपभोक्ता ठगी गर्ने व्यवसायीलाई कानुनअनुसार कारबाही गर्नुपर्छ ।

त्यसैगरी नेपालमै उत्पादन बढाउन पनि ध्यान दिनुपर्छ । कृषि उत्पादन बढाउन किसानलाई आवश्यक बीउ, मल, प्रविधि तथा बजारको व्यवस्था गर्न सकेमा विदेशबाट सामान आयात गर्नुपर्ने अवस्था केही कम हुन सक्छ । यसले स्थानीय उत्पादन बढाउनुका साथै रोजगारी सिर्जना गर्न पनि सहयोग गर्छ ।


अन्त्यमा, बजारमा मूल्यवृद्धि हुनु सामान्य मानिसका लागि ठुलो समस्या हो । यसलाई नियन्त्रण गर्न सरकार, व्यपारी, किसान र उपभोक्ता सबैको भूमिका आवश्यक हुन्छ । बजारको राम्रो अनुगमन, स्थानीय उत्पादनमा वृद्धि, बिचौलियाको नियन्त्रण र उपभोक्ता अधिकारको संरक्षण गर्न सकेमा मूल्यवृद्धिको समस्या केही हदसम्म कम गर्न सकिन्छ । सरकार र सम्बन्धित निकायले सर्वसाधारणलाई राहत हुने गरी प्रभावकारी कदम चाल्न आवश्यक छ ।

## भूल सुधार

भदौ १ गते प्रकाशित 'मजदुर' दैनिकको पहिलो पृष्ठमा छापिएको 'लोभ र डरमा देशविरोधी काममा संलग्न हुन नहुने शिक्षा दिनु आवश्यक' शीर्षकको समाचारमा बालमुकुन्द बासुकला विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ । - सं.

## सङ्क्षिप्त समाचार

### जनकवि दुर्गालाल श्रेष्ठको निधन



काठमाडौँ, ६ साउन । नेपाली र नेपालभाषाका जनकवि दुर्गालाल श्रेष्ठ (ख्वबिलु) को ९१ वर्षको उमेरमा निधन भएको छ । उहाँको आइतबार राति आफ्नै निवास बूढानीकण्ठमा निधन भएको परिवारजनले बताएको छ । शव श्रद्धाञ्जलिका लागि भोलि नेपालभाषा मंका: खल: मा राखिने र भोलि नै शोभाभगवतीमा परम्पराअनुसार दाहसंस्कार गरिने भएको छ ।

उहाँका श्रीमती, एक छोरी र दुई छोरा हुनुहुन्छ । विसं १९९२ साउनमा जन्मनुभएका उहाँले लामो समय क्षेत्रपाटीस्थित कन्यामन्दिर विद्यालयमा अध्यापन गर्नुभएको थियो । कवि श्रेष्ठको पहिलो रचना सान्त्वना कविता धर्मोदय पत्रिकामा प्रकाशित भएको थियो । उहाँले २०६० सालमा नेपालभाषा परिषद्द्वारा 'जनकवि' को उपाधि हासिल गर्नुभएको थियो । साहित्यकार श्रेष्ठ २०६१ सालमा नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठानको प्रज्ञा-सभासद् हुनुहुन्थ्यो । *रासस*

### धुलिखेल अस्पतालमा स्वास्थ्य-बीमा सेवा सुरु

काभ्रेपलाञ्चोक, १ भदौ । सोमबारदेखि धुलिखेल अस्पतालमा स्वास्थ्य-बीमा सेवा सुरु भएको छ । अस्पतालले बीमाबापत रु. आठ करोड प्राप्त गरेको छ । अस्पतालले बोर्डबाट सेवा प्रदान गरेबापत पाउनुपर्ने भुक्तानी रोकिएपछि गत असार १५ गतेदेखि स्वास्थ्य-बीमा सेवा पूर्णत: स्थगित थियो ।

स्वास्थ्य बीमा बोर्डसँगको समन्वयमा बीमितका लागि बहिरङ्ग (ओपीडी) सेवामार्फत बीमा सेवा सुरु गरिएको अस्पतालले जनाएको छ । ओपिडीबाहेकका अन्य सेवा भने तत्काल बीमाअन्तर्गत सञ्चालन नहुने अस्पताल प्रशासनले जनाएको हो । सेवा लिन आउने बिरामीले स्वास्थ्य-बीमा परिचयपत्र तथा अन्य आवश्यक कागजातसहित तोकिएको प्रक्रिया पूरा गर्नुपर्छ । बीमितले अस्पताल आउनुअघि पायक पर्ने प्रथम सेवा बिन्दुबाट आवश्यक प्रेषण लिनुपर्ने छ । स्वास्थ्य-बीमा सेवा आइतबार तथा सार्वजनिक बिदाका दिन सञ्चालन हुनेछैन । *रासस*

### स-साना नदीहरूको बहाव बढ्ने हुँदा सतर्कता अपनाउन आग्रह

काठमाडौँ, १ भदौ । जल तथा मौसम विज्ञान विभागले देशका स-साना नदीहरूको बहाव उल्लेख्य बढ्ने भन्दै सतर्कता अपनाउन आग्रह गरेको छ । विभागका अनुसार किरिन नदी, बर्दिया जलमापन केन्द्रमा जलसतहले सतर्कता तह पार गरेको र बढ्दो क्रममा रहेकोले तल्लो तटीय क्षेत्र र नदी आसपास डुबान भइरहने ठाउँका बासिन्दा बेलुका उच्च सतर्क रहन आवश्यक छ ।

"सोमबार सङ्खुवासभा, सोलुखुम्बु, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काठमाडौँ, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, गोरखा, तनहुँ, लमजुङ, कास्की, स्याङ्जा, चितवन, नवलपरासी पूर्व, नवलपरासी पश्चिम, रुकुम पूर्व, रुकुम पश्चिम, जाजरकोट, डोल्पा, मुगु, सुर्खेत, बाँके, बर्दिया, दार्चुला, बैतडी, बझाङ, डोटी, डडेल्धुरा, कैलाली, कञ्चनपुर र आसपासका जिल्ला भइ बहने स-साना नदीहको बहाव उल्लेख्य बढ्ने र आकस्मिक बाढीको मध्यम जोखिमको सम्भावना छ," विभागका विभागद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । *रासस*

### सङ्क्रामक पशुरोग नियन्त्रण विधेयक विधायन व्यवस्थापन समितिमा

काठमाडौँ, १ भदौ । सङ्क्रामक पशुरोग (नियन्त्रण) विधेयक, २०८३ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइएको छ ।

राष्ट्रियसभाको सोमबारको बैठकले उक्त विधेयकलाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाउने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको हो । बैठकमा कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले उक्त विधेयक दफावार छलफलका लागि विधायन व्यवस्थापन मितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।  राष्ट्रियसभाको अर्को बैठक भदौ ३ गते बुधबार अपराह्न १:१५ बजे बस्नेछ । *रासस*

### जिप दुई दुर्घटनामा दुईको मृत्यु

काभ्रेपलाञ्चोक, १ भदौ । जिल्लाको खानीखोला गाउँपालिका-१ स्याउरीथलीमा सोमबार बिहान बोलेरो जिप सडकबाट करिब २०० मिटर तल खसेर दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको छ भने तीन जना गम्भीर घाइते भएका छन् । पनौती-तालढुङ्गा भित्री सडकखण्डअन्तर्गत स्याउरीथलीमा नम्बर नखुलेको बोलेरो जिप सडकबाट दुर्घटना भएको हो । दुर्घटनामा जिपमा सवार हाल नामथर र वतन नखुलेका दुई जनाको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय काभ्रेले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा सूचना अधिकारी रबिन विष्टका अनुसार घाइतेको उद्धारका लागि प्रहरी परिचालन गरिएको छ । घाइतेलाई बेथानचोक गाउँपालिका-५ कामीडाँडास्थित खेलमैदानसम्म एम्बुलेन्समार्फत ल्याउने कार्य भइरहेको छ भने थप उद्धारका लागि हेलिकप्टरको समन्वय भइरहेको उहाँले जानकारी दिनुभयो ।

# क्षयरोग : सङ्क्रमण, लक्षण र उपचार

✍ अर्चना श्रेष्ठ

क्षयरोग (Tuberculosis-TB) हावाबाट सर्ने रोग हो । यसले मुख्य रूपमा फोक्सोमा असर गर्छ । फोक्सोको क्षयरोग भएको व्यक्तिले खोक्दा, हाच्छ्युँ गर्दा वा बोल्दा हावामा निस्कने साना कणबाट अर्को व्यक्तिमा रोग सर्न सक्छ ।

क्षयरोग फोक्सोमा मात्र हुँदैन । यो लिम्फ नोड, मस्तिष्क, हड्डी-जोर्नी, मेरुदण्ड, मिर्गौला, पेट-आन्द्रा, छाला तथा शरीरका अन्य भागमा पनि हुन सक्छ ।

**क्षयरोगका मुख्य लक्षण**

**फोक्सोको क्षयरोगमा प्राय:**

- दुई हप्ताभन्दा बढी समय लगातार खोकी लाग्ने
- खकार आउने वा खकारमा रगत देखिन सक्ने
- ज्वरो आउने, विशेष गरी बेलुका
- राति धेरै पसिना आउने
- तौल घट्ने
- भोक कम लाग्ने
- शरीर कमजोर र थकित हुनेजस्ता लक्षण देखिन सक्छन् ।

यस्ता लक्षण देखिएमा रोग लुकाएर बस्नुहुँदैन । समयमै स्वास्थ्य संस्थामा गएर जाँच गराउनुपर्छ ।

**क्षयरोग कसरी पत्ता लगाइन्छ ?**

क्षयरोगको शङ्का लागेमा स्वास्थ्यकर्मीले बिरामीको लक्षण हेरेर आवश्यक परीक्षण गर्छन् ।

- खकार परीक्षण: खकारको नमुना लिएर क्षयरोगको जीवाणु छ कि छैन भनेर जाँच गरिन्छ ।
- GeneXpert परीक्षण: यो छिटो हुने आधुनिक परीक्षण हो । यसले क्षयरोगको जीवाणु पत्ता लगाउनुका साथै केही औषधिप्रति प्रतिरोधको अवस्था पत्ता लगाउन पनि सहयोग गर्छ ।
- छातीको एक्स-रे: फोक्सोमा क्षयरोगका कारण भएको परिवर्तन हेर्न एक्स-रे गरिन्छ । तर एक्स-रेबाट मात्र क्षयरोग निश्चित हुँदैन ।
- कल्चर परीक्षण: खकारमा क्षयरोगका जीवाणु बढाएर जाँच गरिन्छ । यसको नतिजा आउन केही समय लाग्न सक्छ ।
- अन्य परीक्षण: फोक्सोबाहेक शरीरका अन्य भागमा क्षयरोग भएको शङ्का भएमा प्रभावित अङ्गअनुसार थप परीक्षण गरिन्छ ।

**क्षयरोगको उपचार**

क्षयरोगको उपचारका लागि विशेष प्रकारका टीबी औषधि प्रयोग गरिन्छ । क्षयरोगको औषधि ६ महिनासम्म खानुपर्छ ।

**उपचारका मुख्य कुरा**

**१. औषधि नियमित खानुपर्छ**

स्वास्थ्यकर्मीले दिएको औषधि तोकिएको समयमा नियमित खानुपर्छ ।


**२. आफूलाई राम्रो भयो भन्दैमा औषधि बन्द गर्नु हुँदैन**

औषधि सुरु गरेको केही समयपछि बिरामीलाई आफू निको भएको जस्तो लाग्न सक्छ । तर, शरीरमा क्षयरोगका जीवाणु अझै बाँकी हुन सक्छन् ।

**३. पूरा उपचार गर्नुपर्छ**

औषधि बिचमै छोड्दा रोग फेरि बल्झिन सक्छ र औषधि प्रतिरोधी क्षयरोग हुन सक्छ ।

**४. औषधि छुट्यो भने स्वास्थ्यकर्मीलाई भन्नुपर्छ**




आफैँले औषधिको मात्रा दोब्बर गर्ने वा उपचार बन्द गर्ने गर्नु हुँदैन ।

**५. औषधिको साइड इफेक्ट देखिएमा जानकारी दिनुपर्छ**

औषधि खाएपछि असामान्य समस्या देखिएमा स्वास्थ्यकर्मीलाई तुरुन्त जानकारी दिनुपर्छ ।

**बिरामीको हेरचाह**

क्षयरोगको उपचारमा औषधि मात्र होइन, बिरामीलाई सही जानकारी र निरन्तर सहयोग पनि आवश्यक हुन्छ । स्वास्थ्यकर्मी तथा नर्सले बिरामी र परिवारलाई सरल भाषामा निम्न कुराहरू बुझाउनुपर्छ ।

**१. औषधिबारे शिक्षा**

**बिरामीलाई**

- कुन औषधि खाने
- कति पटक खाने
- कति समयसम्म खाने
- औषधि छुटाउन नहुने
- औषधि आफैँ बन्द नगर्नेबारे स्पष्ट जानकारी दिनुपर्छ ।

बिरामीले औषधि नियमित खाइरहेको छ कि छैन भनेर स्वास्थ्यकर्मीले पनि नियमित रूपमा हेर्नुपर्छ ।

**२. औषधि पूरा गर्न प्रोत्साहन गर्ने**

बिरामीलाई औषधि खाएपछि राम्रो भएको महसुस हुनु सामान्य हो भनेर बुझाउनुपर्छ । तर राम्रो महसुस हुनु र रोग पूर्ण रूपमा निको हुनु एउटै कुरा होइन ।

त्यसैले स्वास्थ्यकर्मीले तोकेको अवधिसम्म औषधि पूरा गर्नुपर्छ ।

**३. मास्क प्रयोगबारे शिक्षा**

फोक्सोको क्षयरोग भएका बिरामीले मास्क लगाउनुपर्छ ।

खोक्दा वा हाच्छ्युँ गर्दा मुख र नाक छोप्नुपर्छ । प्रयोग भएको टिस्यु वा अन्य सामग्री सुरक्षित रूपमा फाल्नुपर्छ ।

**४. हावा र घामको व्यवस्था**

बिरामी बस्ने कोठामा हावा राम्रोसँग आउने-जाने व्यवस्था गर्नुपर्छ । सम्भव भएसम्म झ्याल खोल्ने र कोठामा घाम पस्ने व्यवस्था गर्नुपर्छ ।

**५. पौष्टिक खाना**

क्षयरोग भएका बिरामीले शरीरलाई आवश्यक पोषण पाउनुपर्छ । दाल, अण्डा, दूध तथा दूधका परिकार, मासु वा माछा, सागसब्जी, फलफूल तथा अन्य पोषिलो खाना खान प्रोत्साहन गर्नुपर्छ ।

पर्याप्त पानी पिउन र आराम गर्न पनि ध्यान दिनुपर्छ ।

**६. फलोअपमा जान सम्झाउने**

स्वास्थ्यकर्मीले भनेको समयमा स्वास्थ्य संस्थामा गएर फलोअप तथा आवश्यक परीक्षण गराउनुपर्छ ।

बिरामीले स्वास्थ्यमा कुनै नयाँ वा गम्भीर समस्या देखिएमा अर्को भेटको समय नपर्खी स्वास्थ्यकर्मीलाई जानकारी दिनुपर्छ ।

**७. परिवारलाई पनि जानकारी दिने**

बिरामीको परिवारलाई क्षयरोगबारे सही जानकारी दिनुपर्छ । घरका सदस्यमा लामो समयसम्म खोकी वा अन्य शङ्कास्पद लक्षण भएमा जाँच गराउनुपर्छ ।

तर, बिरामीलाई परिवारबाट अलग गरेर हेप्नु वा डराउनु हुँदैन । परिवारको माया, हौसला र सहयोग उपचारको महत्त्वपूर्ण भाग हो ।

**औषधि सुरु गरेपछि रोग सर्छ कि सर्दैन ?**

उपचार सुरु गरेपछि फोक्सोको क्षयरोगबाट अरूलाई रोग सर्ने सम्भावना बिस्तारै कम हुँदै जान्छ । तर, औषधि खाएको तुरुन्तैदेखि रोग सर्दैन भनेर मान्नु हुँदैन ।

फोक्सोबाहेक शरीरका अन्य अङ्गमा भएको क्षयरोग सामान्यतया हावाबाट सर्दैन । हावाबाट सङ्क्रमण फैलिने मुख्य जोखिम फोक्सोको क्षयरोगमा हुन्छ ।

**क्षयरोगबाट कसरी बच्ने ?**

**क्षयरोग रोक्न सबैले सहयोग गर्नुपर्छ । यसका लागि**

- बच्चालाई समयमै BCG खोप लगाउने ।
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त जाँच गराउने ।
- क्षयरोग पुष्टि भएमा औषधि पूरा खाने ।
- खोक्दा वा हाच्छ्युँ गर्दा मुख र नाक छोप्ने ।
- घर तथा कोठामा हावा राम्रोसँग आउने-जाने व्यवस्था गर्ने ।
- पोषिलो खाना खाने र स्वस्थ जीवनशैली अपनाउने ।
- क्षयरोगबारे सही जानकारी फैलाउने ।
- क्षयरोग भएका व्यक्तिलाई हेप्ने वा भेदभाव नगरी उपचारमा सहयोग गर्ने ।

क्षयरोग नियन्त्रण स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको मात्र जिम्मेवारी होइन । परिवार, समुदाय, विद्यालय, कार्यस्थल, स्थानीय सरकार र सञ्चारमाध्यम सबैले सहयोग गर्नुपर्छ ।

क्षयरोगको लक्षण देखिएमा लुकाउनु हुँदैन । समयमै जाँच गराउने, रोग पुष्टि भएमा नियमित औषधि खाने र उपचार पूरा गर्ने हो भने क्षयरोग निको पार्न सकिन्छ ।

**(लेखिका नर्स पेसामा हुनुहुन्छ ।)**



**रारा जाने सडकमा पहिरो**

मुगु जिल्लामा रहेको नेपालकै ठुलो रारा ताल पुग्ने नाग्म- गमगढी सडकको झ्यारी, ताल्च क्षेत्रमा पहिरो जाँदा अवरुद्ध भएको सडक । रारा ताल घुम्न आएका आन्तरिक तथा बाह्य पर्यटकलाई पहिरो गएपछि सास्ती भोग्नु परेको छ । तस्बिर: नृपेन्द्रबहादुर मल्ल/रासस

। सम्पादकीय ।

# देउपाको हिन्दू राज्य र अमित साहको हिन्दू समर्थक सरकार !

नेपालको संविधान २०७२ को धारा ४ मा नेपाल धर्म निरपेक्ष राज्य हुने उल्लेख छ । नेपाली काङ्ग्रेस देउपा पक्षको साउन २९, ३० र ३१ गते काठमाडौँमा सम्पन्न राष्ट्रिय सम्मेलनमा हिन्दू, बौद्ध, किरात र प्रकृति धर्मको संरक्षण तथा धर्मलाई राष्ट्रिय पहिचान बनाउने प्रतिबद्धता गरियो । देउपाले आफ्नो मन्तव्यमा दुवै हात उठाउँदै तीन पटकसम्म भने, "म हिन्दू हुँ, हिन्दू हुँ, हिन्दू हुँ ।"

राजनीतिक पार्टी र तिनका नेता कुनै धर्म, भाषा, जाति र क्षेत्रको मात्र हुँदैनन् । यो एक वर्ग आधार र निश्चित दर्शनमा आधारित भएर गठन भएको हुन्छ । नेपालमा भएका सबै धर्म राजनीतिक पार्टी, तिनका नेता जनताका लागि साझा हो । नेकाभित्र २०८० को गोदावरी महासमितिमा शङ्कर भण्डारीलगायतले हिन्दू राज्य र संवैधानिक राजतन्त्रको लाइन लिनुपर्ने माग राखी हस्ताक्षर अभियान चलाएका थिए । तर, त्यो मागले औपचारिकता पाएन । यतिबेला कुनै पनि किसिमको राजतन्त्र अब ठुला मान्छेको लागि केटाकेटी बेलाको लुगा ठीक नहुनेजस्तै हो ।

भारतीय जनता पार्टीको मोदी नेतृत्वको सरकारका गृहमन्त्री अमित साहले केही वर्षअघि नेपालमा हिन्दू राज्य समर्थक सरकार गठन हुने दाबी गरेका थिए । के देउपाले भारतको निर्देशनमा नेपाललाई हिन्दू राज्य बनाउन चाहेका हुन् ? के देउपाले नेपालका हिन्दूहरूको समर्थन पाउने आशामा यतिखेर हिन्दू राज्यका विषय उठाएका हुन् ? यो प्रश्नको उत्तर अब नेकाले नेपाली जनतालाई दिनुपर्ने हुन्छ ।

रास्वपाका नेताहरूले केही वर्षअघि काठमाडौँको एउटा होटलमा भारतीय राजदूतसँगको भेटमा आफूहरूलाई प्रधानमन्त्री बनाइएमा नेपाललाई सिक्किम वा भारतको प्रदेशजस्तै बनाउन तयार भएको वाचा गरेको सार्वजनिक भएको थियो । रास्वपाका एक नेता एवम् वर्तमान अर्थमन्त्री स्वर्णिम वाग्लेले दुई वर्षजति अघि प्रतिनिधिसभाको बैठकमा ल्याटिन अमेरिकामा 'मुनरो नीति' जस्तै दक्षिण एसियामा 'मोदी नीति' उपयुक्त हुने बोलेका थिए । नेका, एमाले र तत्कालीन माओवादी नेताहरू भारतको समर्थनबिना नेपालमा आन्दोलन, चुनाव र सरकार गठन सम्भव नहुने बताउँथे । यसरी शासक दल र तिनका नेताहरूको नाम फरक भए पनि काम संरा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको गोटी साबित भइरहेको छ ।

देउपा नेतृत्वको नेकाले गगन थापा नेतृत्वको नेकाले लिएको 'सामाजिक लोकतन्त्र' को नीतिलाई खण्डित गरेर 'प्रजातान्त्रिक समाजवाद' लाइन अघि सारेको पनि सार्वजनिक भयो । तर, नेकाको समाजवादले सार्वजनिक संस्थानहरू केही व्यक्तिलाई बिक्री गर्नुको साथै भारतीय एकाधिकार पुँजीको सेवा गरिरहेको छ । २०४६ सालमा बहुदलीय व्यवस्था पुन:स्थापना भएयता नेकाको सरकारले सुरू गरेको सार्वजनिक संस्थान निजीकरणको काम एमाले, माओवादी र वर्तमान रास्वपा सरकारले पनि अघि बढाउँदै छन् । यसकारण, शासक दलहरूको नाम फरक भए पनि काम उस्तै भएको पुष्टि हुन्छ । यथार्थमा समाजवादीहरूले उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण गर्छन् । सरकारमा रहेको रास्वपाले पनि 'समाजवाद' को कुरा गर्छ तर व्यवहारमा छैन ।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको बेला नेकाको समर्थनमा एमालेका ओलीको सरकार थियो । भदौ २४ गते बिहान सुरक्षा निकायले ओलीको राजीनामा मागेको थियो । त्यसबेला ओलीले आफू नेकाको समर्थनमा दुईतिहाइ सरकारको प्रधानमन्त्री भएको 'धक्कु' लगाएका थिए । उही ओलीले अपराह्न १:५० बजे सुरक्षा निकायसँग डराएर प्रधानमन्त्रीबाट राजीनामा दिएका थिए । भदौ २४ गतेको आन्दोलनमा देउपा दम्पती घाइतेसमेत भएका थिए । त्यसपछि नेकाका गगनको नेतृत्वमा विशेष महाधिवेशन भयो, नेका टुक्रियो । नेकाको आधिकारिताबारे सर्वोच्च अदालतमा मुद्दा विचाराधीन छ । नेका दुई टुक्रा नै भए वा पुन: एकमा जोडिए पनि नेपालको आर्थिक र विदेश मामिलामा कुनै भिन्नता हुने अर्थात स्वाभिमान कायम हुने छैन । देउपा र गगन दुवै नेकाका नेता दाबी गरेका केही व्यक्तिको स्वार्थ हेर्ने एउटै पुँजीवादी नीतिका नेता हुन् ।

दुवै पक्षको नेपाली काङ्ग्रेसले धर्मलाई मानिसको कर्तव्य वा संस्कृतिभन्दा पनि अन्धविश्वासको रूपमा अघि बढाइरहेका छन् । तसर्थ, दुवै नेकाले हिन्दू राज्य र संवैधानिक राजतन्त्र विषय उठेको महत्त्वपूर्ण 'छलाङ' दाबी गर्नु मूर्खता नै हुनेछ ।

# वासिङटनको एआई विभाजन रणनीति एक असफल कदम

भर्खरैको रोयटर्स रिपोर्ट शान्त पानीमा फ्याँकिएको ढुङ्गाजस्तै अवतरण भयो, जसले विश्वव्यापी प्राविधिक समुदायमा लहरहरू पठायो । संरा अमेरिकाले चीनसँगको आर्टिफिसियल इन्टेलिजेन्स (एआई) दौडमा एक पक्ष छनोट गर्नुपर्छ भनेर दर्जनौँ देशहरूलाई बताउन तयारी गरिरहेको छ, चेतावनी दिँदै कि पेइचिङको प्रतिस्पर्धात्मक ढाँचामा भाग लिने कुनै पनि राष्ट्रलाई अमेरिकी नेतृत्वको एआई गठबन्धनबाट बाहिर पठाइनेछ ।

यो चीनलाई एआई दौडबाट बाहिर धकेल्न आफ्नो गठबन्धन नेटवर्कको सामूहिक वजन प्रयोग गरेर अत्याधुनिक प्रविधिमा राजनीतिक फलामको पर्दा लगाउन वासिङटनको अर्को जबरजस्ती चालजस्तो देखिन्छ । तर, यदि हामीले यो कडा बाहिरी कुरालाई फिर्ता लियौँ र प्राविधिक विकासको भित्री तर्क र अन्तर्राष्ट्रिय सम्बन्धको वास्तविक बनावटलाई जाँच्यौँ भने, एउटा फरक निष्कर्ष निस्कन्छ : यो नीति पहिले नै 'मृत' भइसकेको छ किनभने यो कुनै दिन औपचारिक रूपमा खारेज हुनेछैन । तर, यो अवतरण हुने क्षणमा, यो पहिले नै टेक्नोलोजीको विश्वव्यापी कानुन र अन्तर्देशीय अन्तर्राष्ट्रिय कानुनद्वारा लगाइएको मृत्युदण्डअन्तर्गत छ ।

एआई अलग्ग छैन; यो ग्लोबल कम्प्युटिङ प्रगतिको उत्पादन हो । उन्नत एआई चिप निर्माणदेखि डेटा र मोडेलहरूलाई तालिम दिन प्रयोग गरिने खुला स्रोत कोडसम्म अन्तर्राष्ट्रिय सहयोगमा निर्भर हुन्छ । यस विश्वव्यापी सञ्जाललाई अवरुद्ध गर्नाले लागत, टुक्रा बजार, ढिलो नवप्रवर्तन र सबैका लागि प्रगतिमा बाधा पुग्नेछ ।

संरा अमेरिकाको लागि, नाकाबन्दीको अर्थ संसारको सबैभन्दा ठुलो अनुप्रयोग बजार र डेटा प्रतिक्रियाको सबैभन्दा धनी पोखरी गुमाउनु हो । सिलिकन भ्यालीका उज्यालो दिमागहरू ढिलो हुने र सिमाना पछाडि फस्नेबिच छनौट गर्न बाध्य हुनेछन् । छनोट गर्न दबाब दिइएका देशहरूको लागि यो एक समाधान गर्न नसकिने दुविधा हो : चीनलाई त्याग्दा उत्पादन केन्द्रको रूपमा तिनीहरूको दक्षता कमजोर हुनेछ, जबकि संरा अमेरिकालाई त्याग्दा उनीहरूलाई सबैभन्दा उन्नत कम्प्युटिङ पावरबाट अलग हुनेछ ।




क्रूर 'यो वा त्यो' प्रस्ताव वास्तविक आर्थिक हिसाबको विरुद्धमा खोक्रो र हास्यास्पद देखिन्छ किनकि कुनै पनि राष्ट्रको लागि सबैभन्दा तर्कसङ्गत विकल्प कहिल्यै 'पक्ष लिने' होइन तर 'जोखिममुक्त' र 'हेजिङ' हो । जब नीतिले प्रत्येक सहभागीलाई आफ्नै मुख्य हितहरूविरुद्ध कार्य गर्न आवश्यक हुन्छ, यसको भाग्य - पातलो, छल्नु वा शब्दहरूमा मात्र पालना गर्न - सुरुदेखि नै छाप लगाइन्छ ।

एउटा गहिरो प्रभाव यो हो कि यो कन्टेनमेन्ट मुद्राले समानान्तर प्रणालीको परिपक्वतालाई गति दिनेछ - त्यो ठ्याक्कै आधारभूत शक्ति हो जसले नीतिको विनाशलाई छाप दिन्छ । वासिङटनको उच्च हातको दृष्टिकोणले विश्वलाई खतरनाक तर अस्पष्ट सन्देश दिन्छ : एकल प्रभुत्वले हाबी भएको टेक्नोलोजी इकोसिस्टम अविश्वसनीय छ र कुनै पनि क्षणमा राजनीतिक रूपमा हतियार बनाउन सकिन्छ । त्यो असुरक्षा वैकल्पिक प्रणालीहरूको लागि सबैभन्दा बलियो उत्प्रेरक बन्नेछ ।

आधारभूत कम्प्युटिङ पावर, खुला स्रोत फ्रेमवर्क र दबाबमा रहेको अन्तर्निहित मापदण्डहरूमा चीनको तीव्र लगानी, विविध प्रविधि आपूर्ति चेनहरूको लागि वैश्विक दक्षिणको चाहना र युरोपको डिजिटल सार्वभौमसत्ताको खोजी - यी शक्तिहरू नाकाबन्दीका पर्खालहरू बाहिर अपरिवर्तनीय ज्वारमा रूपान्तरण हुनेछन् । एकपटक स्वतन्त्र टेक्नोलोजी इकोसिस्टम, चीनको उत्कृष्टता र खुलापन र सहयोगको लागि प्रतिबद्धता, एक दृढ खुट्टा प्राप्त गरेपछि, अमेरिकी नेतृत्वको 'गठबन्धन' अब एक विशेष किल्ला हुनेछैन बरु आत्म-संलग्न टापुमा पतन हुनेछ ।

यो लिपि प्राविधिक इतिहासमा बारम्बार खेलेको छ । अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनबाट बहिष्कारले चीनको तियाङगोङ अन्तरिक्ष स्टेसनको स्वतन्त्र विकासलाई प्रोत्साहित गऱ्यो । बढ्दो चिप प्रतिबन्धले चीनको घरेलु जीपीयूहरू र आरआईएससी-भी आर्किटेक्चरको फस्टाउँदै गएको छ । नाकाबन्दीहरू सधैँ दोधारे तरवारहरू हुन्: विपक्षीलाई प्रहार गर्दा, तिनीहरूले अवरोध गर्नेको आफ्नै खुट्टामुनि एउटा खाडल पनि खन्ने गर्छन् । तिनीहरूले लक्षित पक्षका लुकेका सम्भावनालाई वास्तविक क्षमतामा परिणत गर्न बाध्य पार्छन् जबकि अवरोधी खेमाभित्रका एकाधिकारहरूलाई बाह्य प्रतिस्पर्धाको अभावमा सन्तुष्ट हुन र बजारहरू सङ्कुचित हुँदा दिगो उच्च लगानीको लागि वित्तीय साधन गुमाउन अनुमति दिन्छ । जसरी एक पक्षले फाइदा लिन्छ, अर्कोले गुमाउँछ, अवरोधकको प्राविधिक नेतृत्व, फराकिलो हुनुको सट्टा, बिस्तारै समयसँगै घट्दै जान्छ ।

अन्तत:, एआई, हाम्रो भविष्यलाई परिभाषित गर्ने आधारभूत प्रविधिको रूपमा, सम्पूर्ण मानवताको साझा कल्याणको सेवा गर्नु हो । चाहे यो Deepfakes (डीपफेकहरू) द्वारा उत्पन्न सामाजिक शासन चुनौतीहरूको सामना गर्नको लागि हो, स्वायत्त हतियार प्रणालीको जोखिमहरूलाई नियन्त्रण बाहिरको लागि रोक्न वा जलवायु भविष्यवाणी, औषधि खोज र सामग्री विज्ञानमा एआईको अपार सम्भावनाहरूलाई खुला गर्नको निम्ति हामीलाई सँगै काम गर्नको लागि संसारभरमा उज्यालो दिमागको आवश्यकता छ ।

जब शून्य योग सोचको बरफ वास्तविकताको सूर्यको उज्यालोमुनि चकनाचुर हुन्छ, मानवता अनिवार्य रूपमा एक साधारण तर ठोस सुरुवात बिन्दुमा फर्किनेछ : एआईको यो नयाँ, भाग्यशाली यात्रामा, सहयोग र सहजीवनमार्फत मात्र हामी स्थिर र टाढा जान सक्छौँ ।

*- ग्लोबल टाइम्स*

# समाजवादको निर्माण समाजवादी सिद्धान्तको आधारमा हुन्छ

● गौरव प्रधान

समाजवादको निर्माण समाजवादी सिद्धान्तको आधारमा हुन्छ; पुँजीवादी व्यवस्थाको सिंहासनमा बसेर हुँदैन । समाजवादी तरिका नअपनाइकन समाजवादी ढोका कसरी खोल्न सकिन्छ ? समाजवादी गणतन्त्रको प्रत्याभूति समाजवादी व्यवस्थाले गर्छ । यो कुरा सबै कम्युनिस्ट पार्टी या पार्टीका नेताहरूलाई ज्ञात छ । तर, नेपालका आफूलाई 'ठुला' दल दाबी गर्ने, पुँजीवादी व्यवस्थाको सञ्चालक बन्ने रहर भएका कम्युनिस्ट नेताहरू पुँजीवादी व्यवस्थाभित्रै रहेर समाजवादी व्यवस्था ल्याउने कुरा गर्छन् । बहुमत नेपाली जनताले अझै कुन दलले कुन वर्गको प्रतिनिधित्व गर्छ भन्ने कुरा चाल पाएका छैनन् । जनता राजनीतिक र सैद्धान्तिकरूपले सुसूचित होला भनेरै शासन सत्तामा पुगेका कम्युनिस्ट भनिने दलका नेताहरू जनतालाई सुसूचित पार्दैनन् । जनता सचेत भएपछि आफ्नै दल र दलका नेताहरूको विरोध गर्छन् भनी उनीहरू राजनीतिक र सैद्धान्तिक कक्षा सञ्चालन गर्दैनन्; प्रशिक्षित गर्दैनन् ।

परिस्थिति जटिल भएको र प्रतिक्रियावादीहरूले धावा बोलिरहेको स्थितिमा पनि समाजवादी गणतन्त्रवादीहरू मौन बस्दैनन् । क्रान्तिकारी जनता क्रान्तिकारी सिद्धान्तमा अडिग रहन्छन् र रहनुपर्छ । यो कुरा कम्युनिस्ट नेता कार्यकर्ताहरूमा पनि लागू हुन्छ ।

शक्तिको राजनीति गर्ने साम्राज्यवादी र विस्तारवादी पक्षहरू समाजवादलाई कमजोर पार्न हर समय हर पल अनेक षड्यन्त्रहरू गरिरहन्छन्; जाल बुनी अनेक लोभलालच र धाक धम्की दिइरहन्छन् । उनीहरू 'शान्ति' को निम्ति भन्दै समाजवादी मुलुकमा, समाजवादी दलमा घुसपैठ गर्छन्; जनताको क्रान्तिकारी चेतलाई शिथिल पार्न, लोभलालच देखाएर हातमा लिन कहिले 'सहायता', कहिले 'आर्थिक सहयोग' र कहिले 'विकास' को कुरा फलाक्छन् । उनीहरू समाजवादविरोधी तत्त्वलाई उक्साउँछन् र त्यस्तै समूह तयार गरी गोलमाल गर्छन् । यसको नेतृत्व साम्राज्यवादी देश संयुक्त राज्य अमेरिकाले गरिरहेको छ भने उसको पछाडि जापान, बेलायतजस्ता देशका शासकहरू लागिरहेका छन् ।

साम्राज्यवादीहरू अहिले 'समाजवादमा सङ्कट' छ भनी ढ्याङ फुक्दै छन् । साम्राज्यवादीहरू आफै सङ्कटको भुमरीमा फसिरहेको बेला अरु देशको सङ्कट देखाई आफ्नो अपराध र गल्ती छोप्ने अर्को थप गल्ती गर्दै छन् । विश्वका अधिकांश मुलुकले साम्राज्यवादको विरोध गर्दै छन्; साम्राज्यवाद पतनोन्मुख बाटोमा छ । बरु, साम्राज्यवाद नै सङ्कटको घडीमा छ भनी एकै स्वरमा बताउँदै छन् । संसारका सयौँ मुलुकमध्ये प्रजातान्त्रिक जनगणतन्त्र कोरिया पनि साम्राज्यवादविरोधी एक देश हो । प्रजग कोरियामा लामो समयदेखि आर्थिक नाकाबन्दी गरिए पनि समाजवादी व्यवस्थालाई अझ सुदृढ बनाउन कोरियाली जनता लागिपरेका छन् । प्रजग कोरियाले क्रान्तिकारी भावना कहिल्यै छोडेको छैन; शत्रुसामु झुकेको छैन ।

साम्राज्यवादीहरू 'स्वतन्त्रता', 'मानव अधिकार', 'प्रजातन्त्र' र 'शान्ति' को हौवा फैलाएर संसारका स्वाधीन र सार्वभौम मुलुकमा आतङ्क फैलाइरहेका छन्; आतङ्कित पारेर झुक्याउने छल गरिरहेका छन् । साम्राज्यवादीहरू मानिसलाई पैसाको दास बनाउँछन् । उनीहरूको पैसाको दास बनाउने जालमा पुँजीवादी शासकहरू फसिरहेका छन् । नेपालका शासकहरू पनि पैसाको दासी बनेका छन्; आर्थिक सहयोग, सहायता र विकास भनेपछि देश र जनताको ख्याल गर्दैनन् । एमसीसी सम्झौता यसको पछिल्लो दृष्टान्त हो । पुँजीवादी समाज या राज्यमा भ्रष्टाचार, अनियमितता र कमिसन व्याप्त हुनु साम्राज्यवादीहरूले अवलम्बन गरेको जनविरोधी, प्रजातन्त्रविरोधी राजनीतिको परिणाम हो ।

साम्राज्यवादीहरूले 'प्रजातन्त्र', 'मानव अधिकार' र 'शान्ति' को भजन गाएर गरिरहेको समाजवादविरोधी गतिविधिलाई विफल पार्नुपर्छ; विफल पार्न अघि सर्नुपर्छ; विश्वका जनता एकजुट हुनुपर्छ ।

समाजवादी आर्थिक व्यवस्था अर्थतन्त्र निर्माणको गति तीव्र पारेर उत्पादक शक्तिहरूको द्रुतगतिले विकास गर्न सकियो भने, भौतिक धनको उत्पादन बढाइयो भने मात्रै समाजवादको बलियो भौतिक र प्राविधिक जग बनाउन सकिन्छ । कम्युनिस्ट समाजको निम्ति वस्तुगत अवस्था तयार गर्नुपर्छ; जनतालाई कम्युनिस्ट ढाँचामा बदल्नुपर्छ । तर, विडम्बना ! सरकारमा गएका नेपालका कम्युनिस्टहरूले समाजवाद स्थापना गर्न, जनतालाई कम्युनिस्ट ढाँचामा बदल्न के काम गरिरहेका छन् ? तिनीहरूले त आफूलाई ठुला, क्रान्तिकारी र गौरवशाली पार्टी भनिरहेका छन् ।

प्रजग कोरियामा नि:शुल्क र अनिवार्य शिक्षाको व्यवस्था गरिएको छ । प्रत्येक व्यक्तिले शिक्षा पाउने पूर्ण अधिकार र स्वतन्त्रता छ । नि:शुल्क चिकित्सा पद्धतिको व्यवस्था छ । जनमुखी नीतिको कारण प्रत्येक व्यक्तिले सुस्वास्थ्य र सुखी जीवन उपभोग गर्ने अवसर पाएका छन् । प्रजग कोरियाको मुख्य लक्ष्य नै सच्चा जनमुखी समाज स्थापना गर्ने हो । कोरियाली जनताले त्यस्तैखाले राजनीतिक, सांस्कृतिक र आर्थिक जीवन बिताइरहेका छन् । यो संसारकै लागि एक उदाहरणीय पाइला हो ।

# ‘तिब्बत विद्रोह’ होइन प्रतिक्रान्तिको दुस्प्रयास हो

तिब्बत चीनको अभिन्न अङ्ग र स्वशासित क्षेत्र हो । यो इतिहासबाट पुष्टि भएको यथार्थ हो । तिब्बती जनताको चीनका अरु जातिहरू विशेषगरी हान जातिसँगको सम्बन्ध इतिहासभैंm पुरानो छ । सन् १२५३ देखि अविछिन्न रूपले तिब्बत चीनको एक अभिन्न अङ्ग रहँदै आएको छ । सन् १९७२ मा भएको चीन र नेपालको सन्धिबाट पनि तिब्बत चीनकै प्रदेश रहेको स्पष्ट देखिन्छ । सन् १९५१ मा तिब्बत र चीनबिच १७ दफाको सम्झौता भयो । सो सम्झौतामा तिब्बती जनता मातृभूमि चीनको विशाल परिवारमा फर्कने र संयुक्त भई तिब्बतबाट साम्राज्यवादीहरूलाई निकाल्ने निर्णय थियो । त्यसबेला यो सम्झौतालाई तिब्बतका दलाई लामाले पनि स्वीकार गरी अध्यक्ष माओ त्सेतुङलाई सन्देश पठाएका थिए ।




अमेरिकी र बेलायती साम्राज्यवादीहरू चिनियाँ क्रान्तिपछि तिब्बतबाट सामन्तवादको अन्त्य र भू-दास मुक्तिलाई विरोध गर्दै तिब्बत चीनबाट अलग राख्न चाहन्छन् । सन् १९५० देखि १९६० को बिचमा अमेरिकाले तिव्बतमा ‘सशस्त्र विद्रोह’ गराउन आर्थिक सहयोग गर्‍यो । संरा अमेरिका र बेलायतले सन् १९५९ को तिब्बतको असफल विद्रोहपछि दलाई लामालाई भारत भगाउन मद्दत गरे । त्यसबेलादेखि दलाई लामाले अमेरिकी आर्थिक सहयोगमा चीनबाट तिब्बतलाई अलग्याउन बारम्बार दुस्प्रयास गर्दैछन् ।

दलाई लामाको नेतृत्वमा राज्य स्थापना गर्ने लक्ष्यसहित ‘तिब्बतको प्रवासको संविधान’ र ‘तिब्बतको भविष्यको संविधान’ तयार गरी प्रवासी सरकारको नाममा गृह, परराष्ट्र र सञ्चार, धर्म तथा संस्कृति, शिक्षा, अर्थ, स्वास्थ्य र रक्षा गरी सात मन्त्रालयको बन्दोबस्त गरियो । त्यस्तै ‘तिब्बती राष्ट्रिय झन्डा’ र ‘तिब्बती राष्ट्रिय गान’ पनि बनाइयो । प्रवासी तिब्बतीहरूको विद्यालयमा झन्डोत्तोलन र राष्ट्रिय गान गाउनु अनिवार्य गरियो । यसले दलाई लामा सामान्य भिक्षु होइन देश विखण्डनकारीको रूपमा प्रस्तुत भएको स्पष्ट हुन्छ ।

गएको चैतमा दलाई लामाका समर्थकहरूले ‘तिब्बतको स्वतन्त्रता आन्दोलन’ को नाममा उपद्रव र हुलदङ्गा गरे । हुलदङ्गा गर्नेहरूले व्यापारिक केन्द्रको लुटपाट र आगजनी गरे । तर, पश्चिमी सञ्चारमाध्यम सीएनएन, वासिङटन पोस्ट र बीबीसीले ‘तिब्बती देशभक्त’ हरू चिनियाँ दमनविरुद्ध उठे जस्ता झूटा समाचार प्रसार गरे ।

चैतको महिना चिनियाँ कम्युनिस्ट पार्टीको सत्रौँ महाधिवेशन थियो । ओलम्पिक खेल सन् २००८ मा चीनमा हुने भएकोले पनि तिब्बतमा उपद्रव मच्चाइएको हो । यसअगाडि भारतका लागि अमेरिकी राजदूत डेभिड मलफोर्डले दलाई लामालाई भारतको धर्मशालामा भेटेका थिए । यसरी अमेरिकाको निर्देशनमा तिब्बतमा उपद्रव भएको पुष्टि हुन्छ ।

संरा अमेरिकाले सन् १९५६ मा हंगेरीमा, सन् १९८९ मा गोर्वाचोभको मद्दतले सोभियत सङ्घमा प्रतिक्रान्ति गराएको थियो । पूर्वी जर्मनी र युगोस्लाभियामा समाजवादी सरकार ढाल्ने काम गरियो । अहिले तिब्बतबारे आइरहेका सबै समाचारहरूमा चीन समर्थक एकजना पनि तिब्बतीसँग अन्तर्वार्ता लिइएको छैन । समाजवादी देश क्युवा र कोरियाविरुद्ध पनि अमेरिकाले शत्रुतापूर्ण नीति लिंदै नाकाबन्दी र युद्धको धम्की दिइरहेको छ ।

हाल दलाई लामाले तिब्बतको स्वतन्त्रता होइन स्वायत्तता मागेको बताएको छ । तर उनको स्वायत्ततामा तिब्बतबाट चिनियाँ सेना हट्नुपर्ने उल्लेख छ । यो देश विखण्डनतिर उन्मुख छ । संरा अमेरिका र बेलायत ‘तिब्बतमा विद्रोह’ को नाममा चीनमा हमला गर्ने अवसर खोज्दैछन् र समाजवाद ध्वस्त गर्न चाहन्छन् । सारा न्यायप्रेमी जनताले यसको निन्दा, विरोध र भर्त्सना गर्नु आवश्यक छ ।

*(‘श्रमिक’ साप्ताहिक ७ जेठ, २०६५)*

**स्रोत - तिब्बत : उपद्रव र यथार्थ**

# ‘स्वतन्त्र तिब्बत’ नाराको उत्थान

● जिङ वाई

सर्वप्रथम हामी ‘तिब्बती’ को अर्थ के हो भन्नेमा प्रस्ट हुनुपर्छ । अङ्ग्रेजी र अन्य भाषाहरूका अनुसार किङ्घाई-तिब्बत पठार (Plateau) को विशाल क्षेत्रलाई छोटकरीमा तिब्वत भनिएको हो । वर्तमान तिब्बतको क्षेत्रफलसँग तिब्बत शब्दले कुनै सरोकार राख्दैन ।

छिङ राजवंशले सत्रौँ शताब्दीदेखि तिब्बतमाथि शासन गर्दा स्थानीय सरकार र केन्द्रीय सरकारबिच यदाकदा खटपट हुनेबाहेक सम्बन्ध राम्रै थियो । उन्नाइसौँ शताब्दीको मध्यतिर भएका दुईवटा अफिम युद्धको समयपश्चात् केन्द्र सरकार र स्थानीय तिब्बती सरकारबिच फाटो आउन थाल्यो ।

सन् १९०४ मा बेलायती फौजले तिब्बतमा आक्रमण गर्‍यो । त्यस समयमा १३ औं दलाई लामा र उनका अनुयायीहरूले तिनको असफल प्रतिकार गर्न खोजे । तर, केन्द्र सरकारले तिब्बतीलाई सहयोग गरेन । पराजयपछि दलाई लामाले आफ्नो सरकारी पदलाई सरकारी कार्यालयमा लागू गरेनन् । उनले बेलायतसँग असमान मौखिक सन्धि गरिसकेका थिए । तत्कालै छिङ राजवंशले दलाईलाई पुरानै पदमा पुन:स्थापना गरिदियो । तर पनि १३ औं दलाई र उनका अनुयायीहरू तिब्बतमा रहेका केन्द्र सरकारका उच्च अधिकारीप्रति नकारात्मक भए । विवाद चर्किएपछि दलाई फेब्रुअरी, १९१० मा इस्ट इन्डिया कम्पनी सरकारको शरणमा पर्न वर्तमान भारत गए ।

विदेशी लेखकहरू असावधानीपूर्वक रूपमा विश्वास गर्छन् कि उक्त घटना चाओ अफेङको सेनाको कारण भएको थियो । वास्तवमा चाओ सिचुआन र युनान प्रान्तको सैन्य दलको अग्रमोर्चाका कमान्डर थिए । उनी त्यस बखत आफ्नो सैन्य टुकडीसँग खाम्दोसम्म मात्र पुगेका थिए । पहिले पनि अनेकौं काम कारबाही बेथिति ढङ्गले चलाएको कारण केन्द्रीय सरकारले दलाईलाई दण्ड दिएर उपमा खोस्ने तयारी गरेको थियो ।

सन् १९११ मा राजसंस्थाविरुद्ध चिनियाँ देशभक्तहरूले विद्रोह गरे । राजावादीहरू भागेर तिब्बत पसे । मुख्य भूमि चीनका हान जातिका राजावादीहरूको तिब्बतमा भएको आगमनलाई तिब्बतीहरूले जातीय हस्तक्षेप ठाने । त्यही बेला ‘तिबेतन इन्डिपेन्डस्’ अर्थात् तिब्बतीलाई स्वतन्त्र छोड भन्ने नारा उठेको हो, तिब्बत स्वतन्त्र (फ्रि टिबेट) भनेर होइन ।

प्रारम्भमा ‘स्वतन्त्र’ को अर्थ फरक थियो । सबैजसो प्रान्तका जातिहरूले यो नारा उठाएका थिए । जनवरी सन् १९१२ मा चीन गणतन्त्र भएपछि अन्तरिम राष्ट्रपति सन यात्सेनले हान, मञ्चु, मङ्गोलियन, उई र तिब्बतीहरूलाई गणतान्त्रिक अधिकारहरू दिए । अक्टोबर सन् १९१२ मा गणतन्त्र चीनको नयाँ सरकार बन्यो । दलाई १३ औंलाई यस्तो अधिकार दिइयो - ‘निर्णय अस्वीकार नगर्ने र स्वतन्त्रताको माग नगर्ने ।’

स्वदेशी तथा विदेशी अन्वेषकहरूले लेखेका धेरै ऐतिहासिक कृतिहरूले तिब्बतलाई चीनको एक क्षेत्र मानेका छन् । तर, चीन गणतन्त्र भएको पहिलो वर्ष सन् १९१२ मै चीनको लागि बेलायती दूतले गणतन्त्र चीनलाई स्वीकार गर्न नसकिने पत्र अगस्त १७ मा दिए । बेलायतले उसको अनुमति बेगर चिनियाँ अधिकारीहरूलाई भारत भ्रमणमा जान नपाउने बन्देज पनि लगायो । यसैबिच बेलायती दूतले चिनियाँ सरकारी अधिकारी युयान शिकाईलाई सिमला छलफलमा सहभागी जनाउन निम्तो गर्‍यो । तर, सन् १९१३/१४ को सिमला छलफल बिचमै तुहियो ।

सन् १९१९ मा देशभक्त र साम्राज्यवादविरोधी विद्रोह चर्क्यो । चीनको केन्द्र सरकारले किङ्घाइ प्रान्तबाट गान्सु हुँदै एक प्रतिनिधिमण्डल ल्हासा पठायो । त्यस प्रतिनिधिमण्डलका सदस्यहरूसँग १३ औं दलाई लामाले भने, “मेरो विगत र हालसाल पनि बेलायतसँग राम्रो सम्बन्ध हुन सकेन । मेरो सोचाइ तिब्बत चीनबाट स्वतन्त्र होस् भन्ने फिटिक्कै छैन ।” त्यसपछि १३ औं दलाईको सम्बन्ध केन्द्र सरकारसँग सामान्य ढङ्गले चलिरह्यो ।

सन् १९५१ मई २३ मा जनवादी गणतन्त्र चीनको केन्द्र सरकार र स्थानीय तिब्बती सरकारबिच ‘तिब्बतको शान्तिपूर्ण मुक्ति’ विषयमा सम्झौता भयो । त्यसै वर्षको अक्टोबरमा दलाई लामाले माओ त्सेतुङलाई एक तार सन्देश पठाए । उनले उक्त पत्रमा तिब्बतमा चिनियाँ जनमुक्ति सेनाको प्रवेशलाई स्वागत गरेको, तिब्बतबाट साम्राज्यवादी शक्ति धपाउन आफू तत्पर रहेको र मातृभूमिको रक्षार्थ तिब्बत चीनको छत्रछायाँमा बस्न मञ्जुर रहेको जनाएका थिए ।

*(जनधारणा साप्ताहिक वर्ष १७ अङ्क ५ बाट)*

**स्रोत: तिब्बत उपद्रव र यथार्थ**

# तिब्बतमा बेलायती र अमेरिकी घुसपैठ

● जिङ वाई

बेलायत र अमेरिकाले चीनको आन्तरिक मामिलामा आघात पार्ने काम इतिहासदेखि गर्दै आएको पाइन्छ ।

सन् १७७० र सन् १७८० को दशकमा इस्ट इन्डिया कम्पनीले तिब्बतको सिगात्सेमा दुई पल्ट प्रतिनिधिहरू पठायो । चीनको राष्ट्रिय एकीकरणको विरुद्ध पञ्चेन लामासँग सम्बन्ध कायम गराउने बेलायती चाहना अधुरो रह्यो । चीन बेलायतबिचको अफिम युद्धपछि क्छीङ राजवंशबाट फाइदा धुत्ने मनसायले तिब्बतको लोड्तु फोर्टमा धावा बोल्यो । सन् १८९०-९३ मा बेलायतले क्छीङ सम्राटलाई चीन बेलायतबिच तिब्बत र सिक्किमको विषयमा सम्झौता गर्न बाध्य पार्‍यो । उसले तिब्बतको ठुलो क्षेत्रफल कब्जा गर्‍यो र यादुङमार्फत व्यापारिक साम्राज्य विस्तार गर्न थाल्यो ।

सन् १९०४ मा बेलायतले तिब्बतमाथि सैनिक हस्तक्षेप गर्‍यो । आफैले तयार पारी लगेको ‘ल्हासा सन्धि’ मा क्छीङ सम्राटलाई दस्तखत गराउन बाध्य पार्‍यो । सन्धिअनुसार बेलायतले ग्याङ्चे र गर्यार्सामा दुईवटा व्यापारिक अखडा खोल्यो । चीनले ठुलो परिमाणमा युद्ध हर्जाना पनि तिर्नुपर्‍यो ।

सन् १९७० मा रुस र बेलायतबिच एक सन्धि भयो । जसअनुसार मङ्गोलियामा रुसी र तिब्बतमा बेलायती प्रभाव दुवै देशले स्वीकार्नु पर्ने भयो । दुवै साम्राज्यवादी शक्तिले चीनको स्वाभिमान र राष्ट्रिय अखण्डतामाथि प्रत्यक्ष हस्तक्षेप गरे ।

सन् १९१३-१४ मा भर्खर गठित नयाँ गणतान्त्रिक सरकारलाई सिमला सम्मेलनमा सहभागी हुन बेलायतले दबाब दियो । तिब्बतसहित सिचुवानलाई समेत प्रभावमा पार्न बेलायत चाहन्थ्यो । तिब्बतलाई बाहिरी र भित्री गरी दुई भागमा विभाजित गरेर क्रमश: पकडमा पार्ने योजना बेलायतले बनाएको थियो । म्याक मोहन लाइन पार गरेर तिब्बतभित्र घुस्ने बेलायती योजनालाई सुरुमै चीनले तिरस्कार गरिदियो । त्यसपछि तिब्बतका सामन्तहरूलाई उचालेर बेलायतीहरूले तिब्बत स्वतन्त्रताको नारा अघि सार्न लगाए । नवौं पञ्चेन लामा र दलाई लामासँग पुग्न अनेकौं षड्यन्त्रहरू रचिए ।

बेलायतले ठुलै परिमाणमा हातहतियार र विस्फोटक पदार्थ तिब्बतभित्र भण्डार गर्न थाल्यो । तिब्बती सेना प्रमुख सारोङ दजाङ द्रदुलमार्फत असफल सैन्य विप्लवको घटना घटाउन पनि बेलायतले भूमिका खेल्यो । सन् १९४९ मा चिनियाँ जनमुक्ति सेनाले दक्षिण-पश्चिम चीनमा बलियो उपस्थिति जनाइरहेको बेला बेलायत र अमेरिकाले घुस पैठ गर्न अनेकौँ चाल चले । वास्तवमा दोस्रो विश्वयुद्ध चलिरहेको बखत अमेरिकी गुप्तचर विभागले चीनभित्र चलखेल गर्न चाहेको पुष्टि भयो । सन् १९४२ मा इलिया तोल्सतोय नामक अमेरिकी गुप्तचर केटी तिब्बतमा पक्राउ परेपछि यसको भेद खुल्न पुग्यो । सन् १९४९ मै तिब्बती सरकारलाई स्वतन्त्र मुलुकको हैसियतले अमेरिकाले राष्ट्रसङ्घको सदस्यता दिलाउन खोज्यो । जनमुक्ति सेनाको तिब्बत प्रवेशलाई विरोध गर्दै रह्यो ।




***‘चीनविरोधी अमेरिकी - सीआईए अभियानको विरोध गरौं’ लेखिएको ब्यानर लिई युरोपमा भएको एक प्रदर्शन ।***

सन् १९५१ देखि त अमेरिकाले सीआईएको घुसपैठलाई तिब्बतमा द्रुतगतिमा बढायो । तिब्बती पृथकतावादी नेता जियालो दुन्द्रुपलाई चीनविरुद्ध छापामार युद्ध सञ्चालन गर्न उक्सायो । ताइवान र ओकिनावामा छापामार प्रशिक्षण केन्द्रहरू स्थापना गरेर तिब्बतलाई चीनवाट पृथक राख्ने दसवर्षे गुरुयोजना सीआईएले अघि सार्‍यो ।

सन् १९६० को सुरुमा जोन एफ केनेडी अमेरिकामा राष्ट्रपति भएपछि उनले चीनसम्बन्धी नीतिलाई तिब्बतको विषय उठाउँदै पेइचिङमाथि कडा प्रहार गर्न थाले । राष्ट्रसङ्घको सदस्यता दिनबाट वञ्चित गराउने खेल खेले । सन् १९७१ मा अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले चीनको भ्रमण गरेपछि थोरै भए पनि चीन अमेरिका सम्बन्धमा सुधार आयो । अमेरिकी सरकारले तिब्बती पृथकतावादीको प्रत्यक्ष रूपमा पक्ष त लिएन तर, अनेकौँ संस्थाहरूमार्फत दलाई लामासँगको सम्बन्ध बढाउँदै गयो ।

इतिहासिदेखि जारी बेलायती र अमरिकी रणनीति तिब्बतको विषयमा लगातार रूपमा असफल हुँदै आए तापनि दुवै राष्ट्रको चलखेल आज पनि जारी छ ।

***(जनधारणा साप्ताहिक, वर्ष १७ अङ्क ६ बाट)***

***स्रोत: तिब्बत उपद्रव र यथार्थ***




संरा अमेरिकी र दक्षिण कोरियाली सेनाले गरिरहेको उत्तर कोरियालक्षित युद्धअभ्यास उल्ची फ्रिडम शिल्ड तथा युद्धपिपासु नीतिको विरोधमा दक्षिण कोरियाको राजधानी सियोलमा विरोध प्रदर्शन गर्दै शान्तिप्रेमी दक्षिण कोरियाली जनता अगस्ट १७, २०२६ को दिन ।

*तस्बिर : जुङ योन जे/एएफपी*

# इन्डोनेसियामा भूकम्प, १२ हजारभन्दा बढी विस्थापित

म्बे (इन्डोनेसिया), १७ अगस्ट (एएफपी) । पूर्वी इन्डोनेसियाको फ्लोरेस टापुमा शनिबार गएको शक्तिशाली भूकम्पपछि करिब १२ हजार ८०० मानिस विस्थापित भएका छन् । घरहरू क्षतिग्रस्त भएपछि हजारौँ बासिन्दा विद्यालय, प्रहरी चौकी र सरकारी कार्यालयमा आश्रय लिएर आवश्यक राहतको पर्खाइमा छन् ।

सात दशमलव सात म्याग्निच्युडको भूकम्पमा ५३ जनाको मृत्यु भएको र एक सयभन्दा बढी घाइते भएको उद्धार अधिकारीहरूले बताएका छन् । हालसम्म कोही बेपत्ता भएको सूचना नआए पनि उद्धार तथा खोजी कार्य जारी रहेको अधिकारीहरूको भनाइ छ ।

इन्डोनेसियाको राष्ट्रिय विपद् व्यवस्थापन निकायका प्रवक्ता बर्टन सुआर पेलिता पञ्जाइतानका अनुसार सोमबार बिहानसम्म फ्लोरेसका विभिन्न क्षेत्रमा घर फर्कन नसक्ने विस्थापितको सङ्ख्या १२ हजार ८०० पुगेको छ । लगातार आएका परकम्पका कारण धेरै मानिस दोस्रो रात पनि घरबाहिरै बस्न बाध्य भएका छन् ।

भूकम्पको केन्द्रनजिकै रहेको नागेको क्षेत्रमा एएफपीले म्बे सहरका बासिन्दाले त्रिपाल र खम्बाको सहायताले अस्थायी टहरा बनाएर रात बिताइरहेको देखेको थियो । स्थानीय बासिन्दा जुनैदिनका अनुसार धेरै घर भत्किएका छन् भने बाँकी घरमा समेत चिरा परेकाले भित्र बस्न सक्ने अवस्था छैन ।

उहाँले पानी, कपडा र सिरानीजस्ता आवश्यक सामग्री लिन मात्र घर जाने र फेरि अस्थायी शिविरमै फर्किने बताउनुभयो । राहतमा ढिलाइ भएको भन्दै उहाँले सरकारसँग सहयोगका लागि आग्रह गर्नुभयो ।

फ्लोरेसका बासिन्दाका लागि सन् १९९२ को ७.७ म्याग्निच्युडको भूकम्पको त्रास अझै ताजा छ । त्यसबेला भूकम्पपछि आएको सुनामीमा करिब दुई हजार ५०० जनाको मृत्यु भएको थियो ।

यसपटक इन्डोनेसियाली वायुसेनाले दुई हर्क्युलस विमान र एउटा बोइङमार्फत १३ टन आपत्कालीन राहत सामग्री प्रभावित क्षेत्रमा पुऱ्याएको जनाएको छ । दुर्गम क्षेत्रमा रहेका बासिन्दासम्म सामग्री पुऱ्याउन हेलिकप्टरसमेत परिचालन गरिएको छ ।

राहत सामग्रीमा खाद्यान्न, कपडा, खानेपानी र आपत्कालीन उपचारका सामग्री छन् । सेनाले प्रमुख वितरण केन्द्रमा राहत व्यवस्थापनका लागि कर्मचारीसमेत परिचालन गरेको छ ।

तर, प्रभावित बासिन्दाले राहत अझै पर्याप्त रूपमा नपुगेको गुनासो गरेका छन् । तीन सन्तानकी आमा म्बेकी ३१ वर्षीया सिती सौदाह दासोले आफूहरूले लगाएको कपडाबाहेक केही पनि लिएर घरबाट निस्कन नपाएको बताउँदै सरकारी सहयोगको प्रतीक्षा गरिरहेको जानकारी दिनुभयो ।

उद्धार तथा खोजी अधिकारी फतुर रहमानका अनुसार उद्धार टोलीले स्थल र हवाई दुवै माध्यमबाट खोजी गरिरहेको छ । बेपत्ता भएको सूचना नआए पनि सम्भावित प्रभावित क्षेत्रमा खोजी जारी राखिएको उहाँले बताउनुभयो ।

भूकम्पको केन्द्र फ्लोरेसको उत्तरी तटमा रहेको र भूकम्प तुलनात्मक रूपमा सतहमै गएको भूगर्भीय अधिकारीहरूले बताएका छन् । प्रभावित क्षेत्रमा अग्ला भवनको सङ्ख्या निकै कम रहेको छ ।

राष्ट्रिय विपद् व्यवस्थापन निकायका अनुसार टापुमा कम्तीमा ९१४ घरमा गम्भीर क्षति पुगेको छ भने सयौँ घरमा सामान्य क्षति भएको छ । विद्यालय, स्वास्थ्य संस्था र सरकारी कार्यालयसहित दर्जनौँ सार्वजनिक भवनसमेत प्रभावित भएका छन् ।

बालबालिकाको पढाइसमेत प्रभावित भएको छ । गैरसरकारी संस्था सेभ द चिल्ड्रेनका अनुसार आठ हजारभन्दा बढी बालबालिका सुरक्षा जोखिम र शिक्षामा अवरोधको अवस्थामा छन् ।

इन्डोनेसिया प्रशान्त महासागर वरिपरि फैलिएको 'रिङ अफ फायर' क्षेत्रमा पर्ने भएकाले त्यहाँ भूकम्प जाने क्रम सामान्य छ । सन् २००४ मा सुमात्राको तटमा गएको ९.१ म्याग्निच्युडको भूकम्पपछि आएको सुनामीमा विश्वभर करिब दुई लाख २० हजार मानिसको मृत्यु भएको थियो । इन्डोनेसियामा मात्रै करिब एक लाख ७० हजार मानिसले ज्यान गुमाएका थिए । उक्त घटनालाई आधुनिक इतिहासकै सबैभन्दा विनाशकारी प्राकृतिक विपत्तिमध्ये एक मानिन्छ ।

# समुद्रले निल्दै नाइजेरियाली बस्ती

आयटोरो (नाइजेरिया), १ भदौ (एएफपी) । दक्षिणी नाइजेरियाको आयटोरोमा समुद्रको सतह बढ्दै गएपछि तटीय बस्तीको अस्तित्व नै सङ्कटमा परेको छ । हरेक वर्ष समुद्रतट साँघुरिँदै गएको छ भने समुद्रले बगाएका घरका भग्नावशेष अहिले बाँकी रहेको जमिनमा छरिएका छन् । घर गुमाएका परिवारहरू भित्री भूभागमा पुनःनिर्माण गरेर बस्न थाले पनि केही समयमै समुद्रले फेरि उनीहरूको बस्तीलाई चपेटामा पार्ने गरेको छ ।

डुङ्गाबाट मात्र पुग्न सकिने बालुवाको साँघुरो भूभागमा हिँड्दै ३५ वर्षीय थोम्पसन अकिडबोयले भन्नुभयो, "हामी मानिसहरूका घरमाथि हिँडिरहेका छौँ ।" करिब १० हजार मानिसको बसोबास रहेको आयटोरो सन् १९४७ मा सामुदायिक स्वामित्वमा आधारित समाज निर्माण गर्न चाहने कम्युनिस्ट विचारबाट प्रभावित इसाईहरूको समूहले स्थापना गरेको थियो ।

तर सन् २००० को दशकदेखि बस्तीमा तटीय क्षरण तीव्र हुँदै गएको छ । इलाजे जिल्लाका अन्य १९ समुदाय पनि यसबाट प्रभावित छन् । नगर योजना विशेषज्ञ बार्नाबास ओगिरिमा जेम्सको अध्ययनअनुसार सन् १९८७ देखि २०२२ सम्म आयटोरोको तटरेखा हरेक वर्ष औसत १५ मिटर पछाडि सरेको छ ।

सन् २०२४ मा प्रकाशित 'साइन्टिफिक रिपोर्ट' को अध्ययनले पश्चिम अफ्रिकाको गिनीको खाडीमा समुद्री सतह हरेक वर्ष करिब ३.९ मिलिमिटरले बढिरहेको र यो विश्वव्यापी औसतभन्दा १०.५ प्रतिशत बढी रहेको जनाएको थियो ।

आयटोरोका परम्परागत राजा ओलुवाम्बे ओजाग्बोहन्मीले १४ वर्षअघि खिचिएको तस्बिर देखाउँदै भन्नुभयो, "त्यतिबेला यहाँ भवनहरू थिए । अहिले तीमध्ये कुनै पनि बाँकी छैनन् ।" उहाँका अनुसार दरबारमा पहिले करिब १०० कोठा थिए, अहिले करिब एक दर्जन मात्र बाँकी छन् । समुद्र नजिकिएको उहाँको शयनकक्षमा राति छाल पर्खालमा ठोक्किएको आवाज सुनिन्छ ।

अप्रिलमा आएको आँधीका कारण समुद्रको सतह बढ्दा दरबारका बासिन्दा एक सातासम्म घरभित्रै थुनिएका थिए । राजाका व्यक्तिगत सहायक तथा माछा मार्ने अकिडबोयका अनुसार सन् २०१९ मा समुद्रले उहाँका बुबाको घर बगाएपछि आफूले जोगाउन सकेको एउटै वस्तु विश्वविद्यालयको प्रमाणपत्र थियो । केही परिवार तीन पटकभन्दा बढी स्थानान्तरण भइसकेका छन् ।

लागोस विश्वविद्यालयका ल्यान्डस्केप आर्किटेक्चर अनुसन्धानकर्ता ओलुवासेगुन बाबातुन्डे एसानका अनुसार तीव्र सहरीकरणसँगै बाढीका मैदान, दलदल र तटीय क्षेत्रसमेत मानव बसोबास तथा औद्योगिक गतिविधिका लागि प्रयोग भइरहेकाले समस्या थपिएको हो । उहाँले तटीय क्षेत्रमा कडा नियमनसँगै म्यानग्रोभ र नरिवलका रूख रोपेर प्राकृतिक अवरोध विकास गर्न सुझाव दिनुभयो ।

समुद्री पानीको अतिक्रमणले आयटोरोको स्वास्थ्य र शिक्षामा समेत असर पारेको छ । बस्तीको एकमात्र स्वास्थ्य केन्द्र पानीको चपेटामा परेको छ । स्वास्थ्यकर्मी ओमोमी ओलुवासेनले पानी कहिलेकाहीँ झ्यालसम्म पुग्ने गरेको बताउनुभयो । समुद्री पानीका कारण खानेपानी प्रदूषित हुँदा टाइफाइड र झाडापखालाजस्ता पानीजन्य रोगको जोखिम बढेको उहाँले बताउनुभयो ।

४५ वर्षीय शिक्षक सन्डे अकिन्जोयका अनुसार विद्यालयहरू पनि घरहरूजस्तै पटक-पटक स्थानान्तरण गर्नुपरेको छ ।

जलवायु परिवर्तनसँगै समुद्री सतह बढ्दै जाँदा आयटोरोजस्ता नाइजेरियाली तटीय बस्तीमा घर, स्वास्थ्य, शिक्षा र जीविकोपार्जनको सङ्कट झन् गहिरिँदै गएको छ ।

## विश्व सङ्क्षेप

# ६० दिने वार्ता असान्दर्भिक भएको इरानको दाबी

तेहरान, १ भदौ (एएनआई) । इरानले अमेरिका र इरानबिच भएको १४ बुँदे समझदारीमा उल्लेखित ६० दिने वार्ताको अवधि अब सान्दर्भिक नरहेको बताउँदै अमेरिकाले समझदारीमा हस्ताक्षर गरेको केही सातामै त्यसको गम्भीर उल्लङ्घन गरेको आरोप लगाएको छ । इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले सोमबार ६० दिनको अवधि समाप्त भएको विषयमा प्रतिक्रिया दिँदै इरानले बाह्य दबाब, अल्टिमेटम वा समयसीमाको आधारमा आफ्नो नीति तय नगर्ने बताउनुभयो । उहाँका अनुसार समझदारीमा प्रतिबन्ध हटाउने र आणविक विषयमा ६० दिनभित्र छलफल गर्ने तथा सहमति हुन नसके अवधि थप गर्न सकिने व्यवस्था थियो ।

"संयुक्त राज्य अमेरिकाले जुन १८ मा समझदारीमा हस्ताक्षर गरेको केही सातामै त्यसको पाठको घोर र व्यापक उल्लङ्घन गरेकाले ६० दिने छलफल अब सान्दर्भिक छैन", बाघाईले भन्नुभयो ।

इरानी समाचार संस्था आईएसएनएका अनुसार उहाँले उक्त समझदारीअन्तर्गत वास्तविक वार्ता नै सुरू हुन नसकेको दाबी गर्नुभयो । बाघाईले इरानले आफ्नो राष्ट्रिय हित र सुरक्षालाई आधार बनाएर निर्णय गर्ने स्पष्ट पार्दै दबाब वा समयसीमाको आधारमा नीति परिवर्तन नगर्ने बताउनुभयो ।

उहाँले तेहरान अहिले देशको आन्तरिक मामिला व्यवस्थापनमा केन्द्रित रहेको र इरानी सशस्त्र सेना सुरक्षा अवस्थाप्रति पूर्ण सतर्क रहेको बताउनुभयो ।

छिमेकी तथा अन्य मुलुकसँगको सम्बन्ध सुदृढ पार्नु विदेश मन्त्रालयको नियमित जिम्मेवारी भएको बाघाईले बताउनुभयो । उहाँका अनुसार इरान क्षेत्रका सबै देश तथा सम्बन्धित पक्षसँग सम्पर्कमा रहँदै कूटनीतिक गतिविधि अघि बढाइरहेको छ ।

बाघाईको भनाइ इरानी संसद्का अध्यक्ष मोहम्मद गालिबफले इरान अमेरिका र इजरायलको नेतृत्वमा भएको भनिएको 'अन्यायपूर्ण युद्ध' मा सैन्य तथा राजनीतिक रूपमा विजयी भएको दाबी गरेको एक दिनपछि आएको हो । सरकारी प्रसारक प्रेस टिभीका अनुसार गालिबफले इरान र अमेरिकाबिचको समझदारीलाई कूटनीतिक सफलताको आधारका रूपमा समेत प्रस्तुत गर्नुभएको थियो । गालिबफले इरान 'सैन्य र राजनीतिक दुवै रूपमा विजयी' भएको दाबी गर्नुभएको थियो । प्रेस टिभीका अनुसार गालिबफले इरान-अमेरिका समझदारीलाई 'गर्व र विजयको स्रोत' भन्दै यसले कूटनीतिक मोर्चामा इरानको सफलतालाई थप बलियो बनाउन सहयोग गर्ने बताउनुभएको थियो ।

# दक्षिण कोरियासँगको संयुक्त सैन्य अभ्यास घटाउन ट्रम्पको निर्देशन

वासिङ्टन, १७ अगस्ट (एपी) । संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण कोरियासँगको वार्षिक संयुक्त सैन्य अभ्यासमा भारी कटौती गर्न पेन्टागनलाई निर्देशन दिएका छन् । दक्षिण कोरियाले इरानविरुद्धको अमेरिकी युद्धमा सहयोग गर्न अस्वीकार गरेको तथा उत्तर कोरियाली नेता किम जोङ-उनसँग आफ्नो सम्बन्ध राम्रो रहेको दाबी गर्दै ट्रम्पले यस्तो निर्देशन दिएको बताइएको छ ।

ट्रम्पले आइतबार सामाजिक सञ्जालमा लेख्दै सोमबारदेखि सुरु भएको संयुक्त सैन्य अभ्यास महँगो हुनुका साथै उत्तर कोरियाका लागि 'पूर्ण रूपमा अनुपयुक्त र शत्रुतापूर्ण सन्देश' भएको बताएका छन् । उनले आफ्नो पहिलो कार्यकालमा उत्तर कोरिया 'अहानिकारक र सम्मानजनक' रहेको दाबी गरे ।

"अभ्यास रद्द गर्न अब धेरै ढिलो भइसकेको तथ्यलाई मध्यनजर गर्दै मैले रक्षामन्त्री पिट हेगसेथलाई संयुक्त सैन्य अभ्यासमा भारी कटौती गर्न निर्देशन दिएको छु," ट्रम्पले लेखेका छन् ।

ट्रम्पका अनुसार उनले हालै दक्षिण कोरियाली राष्ट्रपतिसँग इरानको 'आणविक निःशस्त्रीकरण' प्रयासमा अमेरिकालाई सहयोग गर्नेबारे सोधेका थिए । तर, दक्षिण कोरियाले त्यसमा असहमति जनाएको उनले बताएका छन् ।

यो निर्णय दक्षिण कोरियासँगको अमेरिकी सुरक्षा गठबन्धनप्रति ट्रम्प प्रशासनको दृष्टिकोणमा आएको महत्त्वपूर्ण परिवर्तनका रूपमा देखिएको छ । यसअघि मे महिनामा पेन्टागनमा भएको बैठकमा रक्षामन्त्री हेगसेथले दक्षिण कोरियाको रक्षा खर्च बढाउने प्रतिबद्धता र कोरियाली प्रायःद्वीपको सुरक्षामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने तयारीको प्रशंसा गरेका थिए ।

दक्षिण कोरियाली र अमेरिकी सेनाबिचको ११ दिने 'उल्ची फ्रिडम शिल्ड' संयुक्त अभ्यासमा करिब १८ हजार दक्षिण कोरियाली सैनिक सहभागी छन् । उत्तर कोरियाले शुक्रबार अमेरिका र दक्षिण कोरियाविरुद्ध अस्पष्ट तर कडा कदम चाल्ने चेतावनी दिएको थियो । उसले संयुक्त सैन्य अभ्यासलाई 'आक्रामक युद्धको पूर्वाभ्यास' भन्दै यसले क्षेत्रीय अस्थिरता बढाउने आरोप लगाएको थियो ।

# म्यान्माका राष्ट्रपति रुस भ्रमणमा

याङ्गुन, १७ अगस्ट (एएफपी) । म्यान्माका राष्ट्रपति मिन आङ ह्लाइङ रुसका राष्ट्रपति भ्लादिमिर पुटिनसँग वार्ता गर्न सोमबार मस्को प्रस्थान गर्नुभएको छ । राष्ट्रपति बनेपछि उहाँको यो पहिलो रुस भ्रमण हो ।

म्यान्माको राष्ट्रपतिको कार्यालयका अनुसार भ्रमणका क्रममा दुई देशबिचको लामो समयदेखिको मैत्रीपूर्ण सम्बन्ध थप सुदृढ बनाउने तथा विशेषगरी सुरक्षा र आर्थिक क्षेत्रमा रणनीतिक सहकार्य विस्तार गर्ने विषयमा छलफल हुनेछ ।

पश्चिमा मुलुक र लोकतन्त्रसम्बन्धी संस्थाहरूले म्यान्मामा हालै सम्पन्न निर्वाचनलाई देखावटी भन्दै अस्वीकार गरे पनि मिन आङ ह्लाइङलाई गत अप्रिलमा राष्ट्रपतिका रूपमा स्थापित गरिएको थियो ।

म्यान्मा र रुसले गत फेब्रुअरीमा पाँचवर्षे सैन्य सहयोगसम्बन्धी सम्झौता गरेका थिए । सम्झौताको विस्तृत विवरण भने सार्वजनिक गरिएको छैन ।

मिन आङ ह्लाइङ सोमबार बिहान अन्य वरिष्ठ अधिकारीसहित नेपिडोबाट मस्कोतर्फ प्रस्थान गर्नुभएको उहाँको कार्यालयले जनाएको छ । भ्रमणका क्रममा उहाँले रुसी प्रधानमन्त्री तथा संसद्को तल्लो सदन स्टेट डुमाका सभामुखसँग भेटवार्ता गर्नुका साथै म्यान्मा-रुस आर्थिक मञ्चमा सहभागी हुने कार्यक्रम छ ।

राष्ट्रपति बनेपछि मिन आङ ह्लाइङले चीन, भारत र छिमेकी थाइल्यान्डलगायतका देशको भ्रमण गरिसक्नुभएको छ । अन्तर्राष्ट्रिय रूपमा अलगावमा परेको म्यान्माको सैन्य शासनलाई पुनः अन्तर्राष्ट्रिय सम्बन्धको मूलधारमा ल्याउने प्रयासस्वरूप उहाँका विदेश भ्रमणलाई हेरिएको छ ।

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## सूचना । सूचना । सूचना ।

यस वर्षको गुन्हीपुन्ही सापारू पर्वमा २०८३ साल भदौ १३ गते प्रस्तुत गरिने घिन्ताङघिसी तथा माक प्याखँको स्थलगत मूल्याङ्कन हुने तथा कृष्ण जन्माष्टमी (२०८३ भदौ १५ गतेदेखि १९ गते) सम्म प्रदर्शन गरिने परम्परागत र आधुनिक सांस्कृतिक विधाहरूको धें धें बला कासा (प्रतियोगिता) गरी मूल्याङ्कन गर्न पूर्णाङ्क १०० राखी निम्नानुसारका शीर्षकहरूमा अङ्क प्रदान गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क) | परम्परागततर्फ | अङ्क |
|---|---|---|
| १. | पोशाक | १० |
| २. | अभिनय | २५ |
| ३. | सुर ताल | २० |
| ४. | बाजा | १० |
| ५. | अनुशासन | ५ |
| ६. | कलाकार | ५ |
| ७. | गण | ८ |
| ८. | नगर परिक्रमा | १० |
| ९. | समयको परिपालना | ७ |
| | जम्मा | १०० |

| ख) | आधुनिकतर्फ | अङ्क |
|---|---|---|
| १. | पोशाक | ५ |
| २. | अभिनय | १५ |
| ३. | विषयवस्तु | २० |
| ४. | समयको परिपालना | ५ |
| ५. | अनुशासन | ५ |
| ६. | कलाकार | ५ |
| ७. | प्रस्तुति | ५ |
| ८. | नगर परिक्रमा | १० |
| ९. | अन्त्य | ५ |
| १०. | निर्देशन | १५ |
| ११. | सुर, ताल र बाजा | १० |
| | जम्मा | १०० |

| ग) | ख्याल/नाटकतर्फ | अङ्क |
|---|---|---|
| १. | पोशाक | ५ |
| २. | अभिनय | १५ |
| ३. | विषयवस्तु | २५ |
| ४. | समयको परिपालना | ५ |
| ५. | अनुशासन | ५ |
| ६. | कलाकार | ५ |
| ७. | प्रस्तुति | १० |
| ८. | नगर परिक्रमा | १० |
| ९. | अन्त्य | ५ |
| १०. | निर्देशन | १५ |
| | जम्मा | १०० |

● गुन्हीपुन्ही सापारू पर्वको समयमा प्रदर्शन गरिने विभिन्न सांस्कृतिक विधाहरूको मूल्याङ्कन गर्न तोकिएको समयावधि देहायबमोजिम हुनेछ ।

| | विधा | समय |
|---|---|---|
| क) | भैल प्याखँ | २० मिनेट |
| ख) | शेरसिंहसमेत भएको भैल प्याखँ | ३० मिनेट |
| ग) | ख्या प्याखँ /लाखे प्याखँ | ८ मिनेट |
| घ) | कवांचा, खिचा, म्हेखा, जङ्गली, हनुमान, डा, धु, सलां, हाँयू, पहलमान र दैत्य प्याखँ | ७ मिनेट |
| ङ) | नागाचा, कलाँली/मथु/लुसी/भौ मैचा | १० मिनेट |
| च) | किजापूजा/कपाँय् फेनेगु प्याखँ | २५ मिनेट |
| छ) | ख्याल, नाटक र म्ये प्याखँ (गीति नाटक), साँ देश, सिलु प्याखँ, सितला माजु प्याखँ | २५ मिनेट |

| | विधा | समय |
|---|---|---|
| ज) | देवी प्याखँ | २० मिनेट |
| झ) | शेर सिंहसहितको देवी प्याखँ | २५ मिनेट |
| ञ) | भालु प्याखँ | २० मिनेट |
| ट) | माक प्याखँ | १० मिनेट |
| ठ) | गाईचा प्याखँ/फाकंदली प्याखँ | ७ मिनेट |
| ड) | हुला प्याखँ/लाहुरे/झ्याउरे/साँय् सामिचा/ध्याचु प्याखँ | ५ मिनेट |
| ढ) | गरुड प्याखँ | ७ मिनेट |
| ण) | झ्या झ्या प्याखँ | ५ मिनेट |

● गुन्हीपुन्ही सापारू पर्वको समयावधिमा प्रदर्शन गरिने घुम्ती नाच तथा ख्याल/नाटकहरूको मूल्याङ्कन गर्दा निम्न सर्तहरू पूरा गर्ने समूहलाई प्राथमिकता दिइने :

क) ताहामचा घुमाउने प्रदक्षिणा मार्ग परिक्रमा गरेको
ख) परम्परागत विधाहरूमा नयाँ कलाकारहरू समावेश भएको
ग) समय सापेक्ष प्रस्तुति भएको
घ) अश्लील शब्द र अभिनय नभएको
ङ) अनुशासित रूपमा उपस्थित भएको
च) एउटा समूहमा प्रस्तुति गर्ने कलाकार (प्याखँ म्वः) अर्को समूहमा सहभागी नगराउने

● सापारूको दिन भक्तपुर जिल्लाबाहेक अन्य जिल्लाबाट घिन्ताङघिसी, माक प्याखँ, लाखे प्याखँलगायतका सांस्कृतिक विधाहरू प्रस्तुत गरी नगर परिक्रमा गर्ने टोलीलाई सोही दिन नगरपालिकाको तर्फबाट मायाको चिनो प्रदान गर्ने ।


● गुन्हीपुन्ही सापारू पर्वको समयमा प्रदर्शन हुने परम्परागत तथा आधुनिक सांस्कृतिक विधाहरू देहायको मिति, समय र स्थानमा दर्ता गर्ने :

दर्ता गर्ने अन्तिम मिति : २०८३ भदौ १० गते, बुधबार

### दर्ता गर्ने समय र फाराम लिने :

क. स्थान : भ.न.पा. का सबै वडा कार्यालयहरू
समय : बिहान १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म
ख. स्थान : पर्यटक सेवा केन्द्र, खौमा काउन्टर
समय : बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म
ग. स्थान : भ.न.पा. प्रशासन शाखा
समय : बिहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म

## हार्दिक समवेदना



जन्म
२००५/११/१२

स्वर्गारोहण
२०८३/०४/३०

हरिकृष्ण सुवाल

यस विद्यालयका प्रिन्सिपल श्रीकृष्ण सुवालका पूजनीय पिता **हरिकृष्ण सुवाल**को दुखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**विद्यालय व्यवस्थापन समिति तथा**
**होली गार्डेन इङ्लिस सेकेन्डरी स्कूल परिवार**
ब्यासी-२, भक्तपुर



## सूचनाको हक: नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

नेपाल सरकार
विज्ञापन बोर्ड


# त्रियुगा नगरपालिकाका नगर प्रमुख वसन्तकुमार बस्नेतलाई भक्तपुरमा स्वागत



भक्तपुर, १ भदौ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर भ्रमणमा आएका उदयपुरको त्रियुगा नगरपालिकाका नगर प्रमुख वसन्तकुमार बस्नेतलाई स्वागत गर्नुभयो । सोही क्रममा उहाँहरूबिच स्थानीय तहको विकास, सेवा प्रवाह तथा नगरपालिकाबिचको अनुभव आदानप्रदान भयो ।

भेटको क्रममा नगर प्रमुख प्रजापतिले नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायतका क्षेत्रमा गर्दै आएका विभिन्न कार्यक्रमबारे जानकारी गराउनुभयो ।

प्रमुख प्रजापतिले नगरभित्रको फोहोरलाई कुहिने र नकुहिने अलग अलग सङ्कलन गरी कुहिने फोहोर प्रशोधन गरी जैविक मल उत्पादन गर्दै आएको र उत्पादित मल कृषकहरूलाई सस्तो मूल्यमा वितरण गर्दै आएको बताउनुभयो ।

त्रियुगा नगर प्रमुख बस्नेतले नगरपालिकाको आन्तरिक स्रोत अपेक्षाअनुसार बढाउन नसकिएको बताउनुभयो ।

नगर प्रमुख बस्नेतका अनुसार त्रियुगा नगरपालिका क्षेत्रफलको हिसाबले भक्तपुर नगरपालिकाभन्दा करिब साढे चार गुणा ठुलो भए पनि नगरपालिकाको आन्तरिक आय करिब १५ करोड रूपैयाँको हाराहारीमा रहेको छ ।

ठुलो भूगोल भए पनि पर्याप्त आन्तरिक स्रोत परिचालन गर्न नसक्दा नगरपालिकाको आम्दानी अपेक्षाअनुसार बढ्न नसकेको उहाँले बताउनुभयो ।

नगरपालिकाको आन्तरिक आम्दानी बढाउने प्रमुख क्षेत्रमध्ये बहाल कर पनि रहेको बताउँदै प्राकृतिक स्रोतसाधनअन्तर्गत काठ, गिटी तथा बालुवालगायतका स्रोतबाट समेत आम्दानी भइरहेको र यसको प्रभावकारी व्यवस्थापन र परिचालन भने चुनौतीपूर्ण रहेको उल्लेख गर्नुभयो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले प्रमुख बस्नेतलाई नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

भेटमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, वडाध्यक्षहरू रवीन्द्र ज्याख्व, उकेश कवां, राजकृष्ण गोरा र श्यामकृष्ण खत्री तथा उदयपुर पत्रकार महासङ्घका अध्यक्ष भक्तिविलास पोखरेलको पनि उपस्थिति थियो ।

# कानुनी साक्षरतासम्बन्धी प्रशिक्षण सम्पन्न

भक्तपुर, १ भदौ । शुभप्रभात एकल महिला समूहको आयोजनामा भक्तपुरमा छरिएर रहेका एकल महिलाहरूको भेला गरी कानुनी साक्षरतासम्बन्धी प्रशिक्षण सम्पन्न भयो । नेपालमा एकल महिलाप्रति हेर्ने दृष्टिकोण र कानुनी उपचारको बन्दोबस्तको विषयमा ख्वप कलेज अफ ल को तर्फबाट प्रशिक्षण दिइएको थियो ।

उक्त कार्यक्रमको सुरूआतमा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले हाम्रो समाजमा अहिले पनि एकल महिलाहरूलाई अबला र बेसहाराको रूपमा हेर्ने गरिएको उल्लेख गर्दै आर्थिक रूपमा आत्मनिर्भर नभई समानताको अनुभूति गर्न कठिन हुने बताउनुभयो ।

उहाँले पुँजीवादी र पितृसत्तात्मक समाजमा महिला हक अधिकारको नारा व्यवहारमा लागू हुन नसक्ने प्रस्ट पार्दै आर्थिक समानतासहितको न्यायिक समाज निर्माणका लागि महिलाहरू सङ्गठित भई सङ्घर्ष गर्नुको विकल्प नरहेको बताउनुभयो ।

उहाँले ज्येष्ठ नागरिक र एकल महिलाहरूको कारूणिक अवस्था रहेका केही उदाहरणहरू प्रस्तुत गर्दै तिनीहरूको समस्या समाधानका लागि वडा कार्यालयको तर्फबाट भएगरेका कार्यहरूको जानकारी गराउनुभयो ।

ख्वप कलेज अफ ल का प्राचार्य अधिवक्ता अनिता जधारीले नेपालको कानुनले विधुवालाई मात्र एकल महिला नभनी ३५ वर्ष नाघेका अविवाहित महिला र माना चामल छुट्टिएर भिन्न बसेका महिलाहरू पनि एकल महिलाको परिभाषाभित्र समेटेको उल्लेख गर्दै सरकारको तर्फबाट नै एकल महिला कोष सञ्चालन कार्यविधि र एकल महिलाहरूलाई बिरामी हुँदा सरकारी अस्पतालमा दिइने सुविधाबारे जानकारी गराउनुभयो ।

उहाँले सम्मानित जीवन जिउने अधिकार सबैलाई भएको चर्चा गर्दै लिङ्ग, जात, क्षेत्र, धर्मको आधारमा गरिने विभेद र शोषणको विरोधमा आवाज उठाउनुपर्नेमा जोड दिनुभयो ।


आयोजक समितिका अध्यक्ष दयालक्ष्मी प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा ख्वप कलेज अफ लका विद्यार्थीहरू राज प्रजापति, सनम फैजू र दीपिका लवजूले आधारभूत कानुनी शिक्षा र महिला हक अधिकारबारे प्रस्तुतीकरणसहित प्रशिक्षण दिनुभएको थियो ।


## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।




### गतिविधि






युवा उपसमितिको आयोजनामा सम्पन्न दुईहप्ते एड्भान्स फोटोग्राफी तालिमको समापन कार्यक्रममा मन्तव्य राख्नुहुँदै संस्थाका अध्यक्ष रूद्रनारायण लाखा र तालिममा सहभागी प्रशिक्षार्थीहरू । (साउन ३१)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा-७,चोर्चा,भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५ Website : www.sgsaccos.com.np, E-mail :sgsaccos@hotmail.com
ACCESS BRONZE



*एलपी...*

बिचौलियाको चलखेल रोक्न नियमित, प्रभावकारी र परिणाममुखी बजार अनुगमन गरिनुपर्ने, नेपालका नदीनालाबाट सरकार आफैंले विद्युत् उत्पादन गरी सहुलियत मूल्यमा बिजुली उपलब्ध गराउँदै ग्यास आयातमा भइरहेको व्यापार घाटा घटाइनुपर्नेलगायत थियो ।

काठमाडौँ जिल्ला समितिका अध्यक्ष रमेश डंगोलद्वारा हस्तान्तरण गरिएको उक्त ज्ञापनपत्रमार्फत मागहरू तत्काल कार्यान्वयन गरी आम नागरिकको जनजीवन सहज बनाउन सरकारसँग जोडदार माग गरिएको छ ।

जवाफमा प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले एलपी ग्यासको अभावलाई सम्बोधन गर्न दुई दिन कार्यालयले ग्यास कम्पनीबाट सिधै जनताकोमा पुऱ्याउन काठमाडौँको विभिन्न स्थानमा वितरण गर्ने प्रयास गरिएको जानकारी दिनुभयो ।


## हार्दिक समवेदना



जन्म : २०१५/०९/०४
निधन: २०८३/०४/२७

हाम्रा आत्मीय मित्र तीर्थराम गोराका पूजनीय बुबा **राजाराम गोरा**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**हाम्रो समूह**
भ.न.पा.-३



## हार्दिक समवेदना



जन्म : २०२२/०७/०९
निधन: २०८३/०४/०६

यस संस्थाका सदस्यता नं. ६८४ का सदस्य **विकुदेवी सुखुपायो**को दु:खद निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**झीगु ख्वप बचत तथा ऋण सहकारी संस्था लि.**
गोल्मढी-७, भक्तपुर, फोन नं. ०१-६६१२६८८


*कार्की...*

**जिल्ला सुरक्षा समितिका निर्णयहरू**
**कोसी प्रदेश**
**जिल्ला प्रशासन कार्यालय धनकुटा २०८२/५/२३ का निर्णयहरू**

१. जिल्लाको हालसम्मको शान्ति सुरक्षाको अवस्था समीक्षा गर्दा सन्तोषजनक रहेको महसुस गरियो ।

२. आ.व. २०८२/०८३ को विशिष्ट व्यक्तिको सुरक्षा योजना, प्रदेश पुन: नामाङ्कन, संयुक्त सङ्घर्ष समितिले गर्न सक्ने विभिन्न कार्यक्रमको सुरक्षा योजना, होली पर्वको सुरक्षा योजना, चाडपर्वको सुरक्षा योजना, महत्त्वपूर्ण स्थानहरूको सुरक्षा योजना, स्रोतसाधनको अनुचित दोहन नियन्त्रण कार्ययोजना, मेला-पर्वको सुरक्षा योजना र धार्मिक भेदभाव तथा छुवाछुत नियन्त्रणसम्बन्धी कार्ययोजना स्वीकृत गरियो ।

३. धनकुटा जिल्लाको सबै स्थानीय तह समेटिने गरी उपलब्ध उपकरणसहितको QRT/IRT परिचालन २०८२ स्वीकृत गरियो ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा